साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक २२ २०८१ पुस १६ गते मंगलबार (Dec. 31, 2024) मूल्य रू. १०/-

## सम्पत्ति शुद्धिकरण रोकिनुहुन्न




राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेनले सम्पत्ति शुद्धिकरणको छानबिन रोकिन हुन्न सबै शासक, प्रशासक, नेताहरूको सम्पत्ति छानबिन गर्न माग गरेका छन् । रास्वपाका अध्यक्ष रवि लामिछानेविरूद्ध सहकारी ठगी भन्दाभन्दै सम्पत्ति शुद्धिकरण समेतको फौजदारी मुद्दामा साँढे २ महिनादेखि थुनेर अनुसन्धान भइरहेको छ । संविधानविदहरूले समेत राज्य प्रतिषोधमा उत्रेको भनेर आलोचना गरिरहेका छन् । रवि लामिछानेको बयान सकिएको छ, अब अदालतले कुन प्रकारको आदेश गर्छ भन्ने सबैतिर उत्सुकता बढेको छ ।

रवि लामिछानेको मुद्दा युवा न्यायाधीशको बेञ्चमा परेको छ । युवा न्यायाधीश खुला प्रतिस्पर्धाबाट न्यायाधीश बनेका व्यक्ति हुन्, उनको पार्टी संलग्नता छैन । उनले के कस्तो आदेश गर्लान् त्यो प्रतिक्षाको विषय बनेको छ ।

# चार चाँद कि औंशीको रात

काठमाडौं । रास्वपाका अध्यक्ष रवि लामिछाने थुनामा छन्, थुनछेकको बहसमा छन् । उनी जमानतमा छुट्लान कि थुनामा जालान्, यतिबेला देशभित्र र कूटनीतिक बृत्तमा समेत उत्सुकताको विषय बनेको छ । मानवाधिकार आयोगको ध्यान पनि रवि लामिछानेमाथिको राज्य ज्यादतिमा परेको छ । भन्नेहरू उनको राजनीतिक जीवन सकियो भनेर हल्लाखल्ला गरिरहेका छन् । यथार्थमा अदालतप्रतिको जनविश्वास र आस्था बाँकी छ, रवि लामिछानेले न्याय पाउने धेरैको तर्क रहेको छ ।

रवि लामिछाने थुनामुक्त भए भने रास्वपाको पाटी भविष्यमा चार चाँद लाग्ने तर्क कांग्रेसी विश्लेषकहरूकै छ । पार्टी खोलेको ४ महिनामा २१ सिट जित्ने, युवा र आधा आकाशको ज्यादा समर्थन रहेको र जनताले रवि मार्फत नै परिवर्तन खोजेको अर्थमा यो पार्टीको जितको कारण ठानेका छन् । यतिमात्र होइन, राष्ट्रपति रामचन्द्र पौडेलको चुनाव क्षेत्रमा समेत रास्वपाले घण्टी बजायो । रवि लामिछानेको नागरिकता, पासपार्ट विवादमा सांसद पद खोसिए पनि पुनः त्यही चितवनको क्षेत्रमा चुनाव जितेर मात्र होइन, अत्यधिक मतले जितेर आएका कारणले पनि ठूला भनिएका कांग्रेस, एमाले हाउसमा तरङ्ग नै फैलिएको हो । यसकारण पनि रवि लामिछाने जेल गए भने रास्वपा छिन्नभिन्न हुनेछ, कांग्रेस, एमालेको मिसन ०८४ मा कुनै अल्झो नरहने तिनको बुझाइ छ । यदि रवि लामिछाने थुनामुक्त भए भने रास्वपाप्रति जनसमर्थन झन बढ्नेछ, रास्वपाले खतराको घण्टी कांग्रेस एमालेकै प्रभावमा बजाउने निश्चित छ ।

त्यसै पनि रास्वपाको हैसियत अन्य क्षेत्रमा उत्साहजनक नतिजा नआए पनि उपनिर्वाचनमा काठमाडौं महानगरको १६ वडामा विजय हासिल गर्नुले पनि आकर्षण रहेको पुष्टि गरेको छ । एकातिर मेयर बालेन साह, धरानका मेयर हर्क साम्पाङ, धनगडीका मेयर गोपी हमालजस्ता व्यक्तित्वतिर युवा आकर्षण झन झन बढ्दै जानु र रवि लामिछानेप्रति आकर्षण नघट्नुले कांग्रेस एमालेको गठबन्धन र पार्टीलाई ठूलै धक्का लाग्ने भएकाले पनि रवि लामिछानेलाई जयप्रकाश आनन्दजस्तो राजनीति गर्नै नपाउने किनारामा पुऱ्याउन खोजिदैछ । अन्यथा वाइडबडी जहाज खरिद गर्दा नेपालका शासक, प्रशासकलाई घूस खुवाउने अमेरिकन कम्पनीलाई अमेरिकामै ठुलो जरिबाना गरिएको छ । त्यो तरङ्ग ढिलाचाँडो नेपालमा उठ्ने पक्का छ । अधिवेशन सुरू हुनासाथ संसद र सडकमा जहाज काण्डमात्र होइन, ओम्नी, सेक्युरिटी प्रेस, चियाबगानदेखि बालुवाटार जग्गा प्रकरणसम्मको सम्पत्ति शुद्धिकरण मुद्दाको आवाज यो गठबन्धन सरकारले धान्न, सुन्न र थेग्न सक्लाजस्तो देखिदैन । विपक्षीहरू अहिले नै आक्रोसित हुनथालिसकेका छन् । अनेक कारण र दवावी वातावरण सरकार विरूद्ध तैयार हुँदै गएका छन् । एक्लो रवि लामिछानेलाई मात्र दण्डित नहोला भनिदैछ ।



रवि लामिछानेको पक्षमा नेकपा माओवादी केन्द्र र पूर्व प्रम प्रचण्ड पहाड बनेर उभिएका छन् । संविधानविदहरू, कानुनविदहरू, नागरिक समाजहरूले पनि रवि विरूद्ध राज्य ज्यादति भएको भन्नु, राष्ट्रिय मानवाधिकार आयोगले अमानवीय व्यवहार गरेकोमा चनाखो हुनु, अन्तर्राष्ट्रिय स्तरमा समेत रवि लामिछानेमाथि के होला भनेर चीलका आँखा पर्नुले समेत रवि लामिछानेको पक्षमा महोल बनेको छ । यद्यपि सहकारी ठगी जसले गरेको छ, त्यसमा छानबिन हुनैपर्ने, ८७ अर्बको सहकारी ठगीको विषयलाई विषयान्तर गर्दै २८ करोडको सहकारी ठगीमा राजनीतिकरण गर्नुले पनि राज्य साना सहकार बचत कर्ताको बचत फिर्ता गर्न नचाहेको र ठगीकै पक्षमा उभिएको आलोचना भइरहेको छ ।

यसैवीच बुद्धिजीवी प्रा.डा.सुरेन्द्र केसी कास्की पुगेर रवि लामिछानेलाई प्रहरी हिरासतमै भेटेर आएका छन् । उनले रवि विरूद्ध राज्य आतंक फैलाउनु नहुने, सहकारी ठगीका पक्षमा सरकार उभिनु नहुने र समष्टी रूपमा सहकारी ठगी र अन्य भ्रष्टाचार प्रकरणमा छानबिन हुनुपर्ने बताएका छन् । रवि लामिछानेमा डिप्रेसन नआएको र उनी जनताप्रति नतमस्तक हुँदै हौसलायुक्त भएको जानकारी पनि दिएका छन् । बाँकी जे होला, अदालतको आदेशपछि होला ।

## कसले हेर्छ पत्रकारलाई ?



राष्ट्रवाद र राजतन्त्रवादका लागि सदैव खटिरहने पत्रकार, विश्लेषक, चिन्तक र लेखक हुन् युवराज गौतम ।

अहिले कस्तो छ युवराजजी ?

मेरो प्रश्नमा रोगग्रस्त गौतमले जवाफ दिए- किड्नी, मिर्गौला रोगले च्याप्दै लगेको छ । (माथितिर हेर्दै) अब त भिसा दिए हुन्थ्यो जस्तो लाग्छ ।

हामीले एकअर्कातिर हेराहेर गऱ्यौं, दुबैका आँखा रसाए । छुट्टियौं । के राष्ट्रवाद र राजतन्त्रवादका लागि जीवन समर्पित गर्नेले आकाशतिरै हेरेर बस्नुपर्ने हो । तिनका लागि उपचारको बन्दोबस्त गरिदिने नैतिक दायित्व लिने राष्ट्रवाद र राजतन्त्रवादमा कोही छैनन् ?

## चिनियाँ भाषाप्रति बढ्दो आकर्षण



भारत र चीनले कैलाश मानसरोवर जानका लागि नेपालको लिपुलेक भएर जाने जुन सहमति गरेका छन्, त्यो सहमतिप्रति नेकपा क्रान्तिकारीका नेता विप्लवले बिरोध जनाएका छन् । गत पुस ३ अर्थात् डिसेम्बर १८, २०२४ मा भारत र चीनका विशेष प्रतिनिधिहरूबीच बेइजिङमा भएको बैठकमा दुई महत्वपूर्ण सहमति भएका थिए-

पहिलो- कैलाश मानसरोवर यात्रा पुनः सुरू गर्ने सहमतिः सन् २०२० देखि रोकिएको यो धार्मिक यात्रा पुनः सुरू गर्न दुवै देश सहमत भएका छन् । यसले भारतीय तीर्थयात्रीहरूलाई पुनः कैलाश मानसरोवर जाने अवसर प्रदान गर्नेछ ।

दोस्रो- सीमा क्षेत्रमा गस्तीसम्बन्धी नयाँ प्रोटोकलः दुवै देशका सेनाहरूले वास्तविक नियन्त्रण रेखा (LAC) मा गस्ती पुनः सुरू गर्ने र सेनाहरूलाई पछाडि हटाउने सहमति । जसले सीमा क्षेत्रमा स्थायित्व र शान्ति कायम गर्न मद्दत पुऱ्याउनेछ । यो सहमतिले भारत र चीनवीचको गलवान लगायतका सीमाक्षेत्रमा रहेको तनावलाई रोकेर शान्ति स्थापना गर्ने विश्वास गरिएको छ ।

भारतका प्रम मोदी र चीनका राष्ट्रपति मिलेर सन २०१५ मा त्रीदेशीय नाका लिपुलेकबाट व्यापार गर्ने सम्झौता गरेका थिए । जसको बिरोधमा नेपालले दुबै देशलाई कूटनीतिक नोट दिएको थियो, त्यो नोटबारे दुबै देशले नेपालको आग्रहलाई लत्याउँदै आएका थिए । अहिले भारतका सुरक्षा सल्लाहकार अजित डोभालले चीनलाई मनाएर त्यही नाकाबाट व्यापार गर्न र चीनको कैलाश मानसरोबर तीर्थयात्रामा जान कुनै रोकतोक नगर्ने सहमति गरेका छन् । यो सहमतिबारे नेपाल सरकारले आपत्ति नभएको भनेको छ भने विप्लवले नेपालको हित विपरित भनेका छन् ।

## ओली झन कठोर



०७७ सालमा पार्टीको कारवाहीमा परेका ओलीले भनेका थिए- 'यस्ता कारबाही सीपी मैनाली र राधाकृष्ण मैनालीले पनि मलाई ०२८ सालमा गरेका थिए । यस्ता कारबाहीको अर्थ छैन ।' तिनै ओलीले भ्रष्टाचारमा डामिएका मिनबहादुर गुरूङसँग पार्टी कार्यालय निर्माण गर्न जग्गा दान लिएको विषयमा आलोचना गर्ने भीम रावल, विन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई कारवाही गरेका छन् । यो कारवाहीको अर्थ भोलिभोलि देखिएला ।

प्रश्न छ- एमालेभित्र आन्तरिक लोकतन्त्र छैन । पूर्वराष्ट्रपति तथा एमाले नेतृ विद्यादेवी भण्डारी राजनीतिमा आउने हल्ला निस्तेज पार्न कारवाही गरिएको हुनसक्छ । अध्यक्ष ओलीले आलोचना गर्नेप्रति कठोर बनेको सन्देश दिएका छन् ।

## सभापति को ?




अर्कोसाल कांग्रेस महाधिवेशन हुनेछ, सभापतिको उमेदवारमा शेखर, सशांक, प्रकाशमान सिंह र गगन थापा प्रचारमा जुटेका छन् । पार्टीमा देउवाको होल्ड भएकाले देउवाको समर्थन कसलाई अत्तोपत्तो छैन ।

विधान संशोधन भयो भने देउवा नै सभापति हुनेछन् भन्छन्, प्रकाशशरण महत । शेखरलाई सशांकको समर्थन होला, प्रकाशमान देउवा निकट छन् । शेखरलाई कमजोर पार्न देउवाले गगन च्यापेका हुन् कि ? देउवाको चाल बुझ्न मुस्किल छ ।

## ओलीको झर्कोपछि पाइला फिर्ता



उक्साउने किन ? आउने भए सल्लाह गरेर आए भैगयो भनेर अध्यक्ष ओली झर्केपछि एमाले अध्यक्ष बन्न पाइला उचालेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पाइला रोकिएको छ । नेता ईश्वर पोखरेल, विष्णुप्रसाद पौडेल र पृथ्वीसुब्बा गुरूङ, गोकुल पोखरेललगायतका शीर्ष नेताहरू भण्डारीलाई पार्टी अध्यक्ष बनाउनुपर्ने पक्षमा उभिएका थिए ।

मितिनी गाउँ पुगेकी विद्या भण्डारीले भनेकी छिन्- ओलीले जस्तो रातभर बस्न, समय दिन सक्दिन ।

ओलीका निकटस्थ शंकर पोखरेल, विष्णु रिमाल बिरोधमा छन् ।




## अन्तमा पुच्छरमा हात



वामदेव गौतम अन्तमा सबै छाडी पुच्छरमा हात राख्न पुगेका छन् । उनलाई एमालेले वास्ता गरेन । कुनै जिम्मेवारी दिएन । हार खाएर राजनीति गर्ने चस्का नमरेका वामदेव गौतम नेकपा स अर्थात् माधव कुमार नेपालको शरणमा पुगेका छन्, अब उनले नेकपा स लाई कुन उचाइमा पुऱ्याउने हुन् भनिदैछ ।

## राष्ट्रसंघमा प्रश्न उठ्यो, उत्तर छैन

राष्ट्रसंघले उठाएका प्रश्न यस्ता थिएः पत्रकार डेकेन्द्रराज थापाको २०६५ साल भदौ ६ गतेको हत्या प्रकरणमा कुनै कारवाही प्रकृया सुरू नभएको, काभ्रेका अर्जुन लामा माओवादीबाट मारिने अर्का व्यक्ति हुन्। लामाको हत्यामा संलग्न अग्नि सापकोटा र सूर्यबहादुर दोङ हुन् भनेर उनकी पत्नी पूर्णमाया लामाले प्रहरी कार्यालयमा उजुरी हालिन्, ओखलढुंगामा उज्जनकुमार श्रेष्ठ, गणेशकुमार दाजुभाइ २०५५ र दाइ २०५९ सालमा मारिए । दिदी सावित्री श्रेष्ठले हत्यामा संलग्न बालकृष्ण ढुंगेलको सर्वस्वसहित जन्मकैद ठेकिए पनि उनी सांसद बने, उनीमाथि कारवाही भएन । देहावसान भयो ।

राष्ट्रसंघले दर्ता गरेको १३२४६ र शान्ति मन्त्रालयले बटुलेको १७,८०० को हत्यासंख्यामध्ये माओवादी र प्रहरी बाहेकको संख्याका पीडितहरूको पीडा एउटै थियो, कायमै छ । संयुक्त राष्ट्रसंघ-मानवीय अपराध गर्नेहरूलाई दण्डित गर, अपराधीले दण्ड पाउनैपर्छ




भनेर 'नेपालको द्वन्द्व प्रतिवेदन' लेखियो । लेखेरमात्र के गर्ने राष्ट्रसंघ त्यसपछि मौन रहेको छ । ६ महिनामा संक्रमणकालीन न्याय दिने भनियो, १८ वर्षमा बेपत्ता र मेलमिलाप आयोग गठन गर्ने कुरा भाँडिएको छ ।

अनमिनले अयोग्य भनेर बहिर्गमित लडाकुहरू ४ हजार ८ जना थिए, तिनले न्याय पाए पाएनन्, २ हजार ५ सय बिदाई प्रकृयाबाट बाहिरिएका थिए, तिनको गति के छ ? हामी ७ हजारजति छौं भन्ने पूर्व लडाकु नेता जनयुद्धमा ज्यान बाजी लगाएर लड्ने हामीलाई कसैले वास्ता गरेन भन्थे, ती पनि मौन छन् ।

यो देशमा शान्ति कसरी आउँछ ?

# स्वस्थ आलोचना गरौं : बस्नेत

आधारहीन आरोप होइन स्वस्थ आलोचना गरौं । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सार्वजनिक आह्वान गरेका छन् ।

बालकृष्ण बस्नेतले आधारहीन आरोप नभइ स्वस्थ आलोचनाको बाटो समाउन सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई आग्रह गरेका हुन् । युट्युब, फेसबुक पेजसहित डिजिटल माध्यमदेखि प्रिन्ट मिडियासमेत भ्रामक र आधारहीन आरोपको प्रचारले व्यापक प्रश्रय पाएको उल्लेख गर्दै त्यसलाई रोक्न सञ्चारकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्ता स्वयम् सचेत बन्नुपर्ने सुझाव दिएका हुन् ।



काउन्सिलले नियमित रूपमा नयाँ अनलाइनका सम्पादक/प्रकाशकका लागि गर्दै आइरहेको आचारसंहिता अभिमुखीकरण कार्यक्रममा आइतबार बोल्दै अध्यक्ष बस्नेतले आधारहीन एवं एकपक्षीय आरोप, नकारात्मकता र पक्षधरताले सञ्चार माध्यमकै बदनाम भइरहेको उल्लेख गरे ।

अनलाइनसहित कतिपय सञ्चार माध्यमले जानाजानी आरोपैआरोपको शृङ्खला सुरू गरेको र सामाजिक सञ्जालको समेत व्यापक दुरूपयोग भएको औंल्याए । पत्रकारितामा आलोचनात्मक चेत आवश्यक भए पनि आलोचना गर्नु भनेको आरोपको वर्षा लगाउनु नभएको उनको भनाइ छ । उनले भने, 'पत्रकार स्वयम् सजग, सचेत र चनाखो नहुँदा यो गलत बाटोको मारमा मिडिया जगत स्वयं पर्नुपरेको छ । यसले पत्रकारिताको विश्वसनीयता खलबलाएको छ ।'

अहिले तथ्य र आधारहीन आरोप नभएर आलोचनात्मक पत्रकारिताको खाँचो रहेको उनले औंल्याए । पत्रकारले समस्या केलाउने मात्र नभएर त्यसको समाधानका लागि हुनुपर्ने कामहरूमा समेत चासो देखाउनुपर्ने बेला आएको उनले बताए ।


प्रेस काउन्सिलमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेलले आचारसंहिता भनेको आफूले आफैलाई अनुशासनमा बाँध्ने सूत्र भएकाले पत्रकारहरूले यसको सधैँ पालना गर्नुपर्ने बताए । उनले प्रेस काउन्सिलको मूल काम नै आचारसंहिता निर्माण गर्ने र लागू गराउने रहेको र काउन्सिलले नयाँ सूचीकरण हुने अनलाइनलाई अभिमुखीकरण गरेदेखि यसले राम्रो नतिजा देखिएको उल्लेख गरे । पोखरेलले पत्रकारिताभित्र आलोचनात्मक चेतलाई कमजोर बनाउन नहुने भन्दै आलोचनाका नाममा आरोप पत्रकारितालाई रोक्न काउन्सिलले विशेष सक्रियता देखाएकोमा प्रशंसा समेत गरे ।

विषय विज्ञको रूपमा सहभागी पत्रकार फूलमान बलले पहिले पत्रकार भन्नासाथ बौद्धिक वर्ग भन्ने धारणा रहेको उल्लेख गर्दै त्यसमा प्रश्न उठाउने काम पत्रकार आफैले गर्न नहुने बताए । नेपाल टेलिभिजनका निवर्तमान महाप्रबन्धक समेत रहेका उनले अहिले गफ गरेकै भरमा गोपनीयताको ख्याल नगरी पत्रकारले लेख्छ वा पैसाको बार्गेनिङ गर्छ भन्ने भाष्य निर्माण हुन थालिनु दुखद भएको उल्लेख गरे । उनले भने, 'अब राज्यले पत्रकारको योग्यतासम्बन्धी स्पष्ट मापदण्ड बनाउन पनि आवश्यक छ ।' काउन्सिलले केही महिनादेखि युट्युब, फेसबुक पेजमार्फत चलेका सञ्चारमाध्यममाथि अनुगमन र निगरानी गर्दै आएको छ। सञ्चारमाध्यमको स्वरूपमा आएका त्यस्ता सामाजिक सञ्जाललाई व्यवस्थित र मर्यादित बनाउन बेग्लै कार्यविधि बनाई काम गर्दै आएको छ ।

काउन्सिलले पत्रकार आचारसंहिता पालना गराउन कडाइ गर्ने उद्देश्यले अभिमुखीकरण, मिडिया जागरण र नियमन सुरू गरेको छ । काउन्सिलले रचनात्मक र समाधानमुखी पत्रकारितालाई अँगाल्न विभिन्न सञ्चार कक्ष, विश्वविद्यालय अन्तर्गतका कलेजहरूमा सुझाव दिने अभियान चलाएको छ । -फरकधारका साथ

# चीनले नेपाली भूभाग भारतभित्र किन देखायो ?

## सीमाविद बुद्धिनारायण श्रेष्ठको प्रश्न ?



काठमाडौं । चीनबाट चिकपा प्रतिनिधि र जर्नेल स्तरका सैनिक टोलीले समेत बारम्बार नेपाल भ्रमण गरिरहेका छन् । भारत र अमेरिकाबाट जति बाक्लो भ्रमण भइरहेको छ, चीनबाट पनि त्यत्तिकै तरिकाले भ्रमण भइरहेको छ ।

शनिवार नेकपा एमालेका २२ जना नेता चीन भ्रमणमा हिंडेका छन् । भदौ ३० गते अमेरिका पुग्ने प्रधानमन्त्री प्रचण्ड असोज ४ गते राष्ट्रसंघमा संवोधन गरेर चीनको भ्रमण गर्ने कार्यक्रम छ ।

यति नै बेला चीनले नेपालको चुच्चे नक्सा खारेज गरेको सन्देश दिदै बुच्चे नक्सा सार्वजनिक गरेको छ । नेपालको सार्वभौमिकतामा सधैं सम्मान र सद्भाव राख्ने चीनबाट यस्तो कार्य किन भयो ?

*चीनले नेपाली भूभाग भारतको किन देखायो ?*

नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतले आफ्नो नक्सामा समावेश गरिसकेको छ । नेपालले आफ्नो नक्सा अध्यावधिक गर्दै संसदबाट सर्वसम्मतिबाट ती क्षेत्र नेपालको हो भनेर संविधानमा नै समावेश गरेका छ । तर ती क्षेत्रमा नेपालको हकभोग छैन । भारतले कब्जा गरेर शासन गरिरहेको छ ।

चीनको प्राकृतिक संशाधन मन्त्रालयले २८ अगष्ट (११ भदौ) मा नक्सा जारी गरेर के नेपालको नक्सालाई चीनले मान्यता दिन अस्वीकार गरेको हो ? '२०२३ को स्ट्याण्डर्ड म्याप'मा नेपालको बुच्चे नक्सा देखिनुका विषयमा संसद, सरकार, प्रधानमन्त्री, प्रतिपक्षी नेताहरू सबैले चासो राखेर चीनसँग वार्ता गर्न जरूरी छ । भारतले दावी गरेको अक्साइ क्षेत्र र अरूणाचल प्रदेश चीनको नक्सामा पर्दा भारतले बिरोध जनाइसक्यो । भारतका बिदेशमन्त्रीले नै टीभीमार्फत चीनमाथि बेतुकको दाबी भनेका छन् ।

नेपालले किन जिब्रो तालुमा टाँसेको ?

माओवादी नेता र केही सरकारी अधिकारीका अनुसार प्रम प्रचण्ड चीन भ्रमणमा जाँदै हुनुहुन्छ, त्यतिबेला यो नक्साका बारेमा कुरा हुने बताउँछन् । यसैवीच नेपालले पोखरा विमानस्थलको २३ अर्ब ऋण अनुदानमा बदल्न अनुरोध गर्ने कुरा पनि सार्वजनिक भएको छ । त्यसो भए असोज ५-७ को भ्रमण सफल पार्नकै लागि नेपाल सरकार चूप लागेको हो त ?

अर्थात् नेकपा स का महासचिव घनश्याम भूसाल यो नक्सा शक्ति राष्ट्रको बलमिच्याईं मान्छन् । सत्तारूढ स सरकारले अडान प्रष्ट पार्नुपर्छ भन्छ र मौन बसेको छ ।

अहिलेसम्म भारतले बलमिच्याइ गरेर नेपालको भूमि अतिक्रमण गरेका दर्जनौं घटना छन् । भारतले पनि नेपाली भूमि भारतमा मिसाएर नक्सा जारी गऱ्यो । चीनले नेपाललाई बुच्चे देखाइदियो । यो अर्को बलमिच्याइँ हो भनिदैछ ।

सन २०१५ मा भारत र चीनवीच नेपाली भूभाग लिपुलेक सडक बनाउने सहमति हुँदा सरकारले कूटनीतिक नोट पठाएर मौन बसेको थियो । अहिले त त्यो अवस्था पनि देखिदैन । २०१९ र २०२३ मा भारत र चीनले नक्सा जारी गरेर नेपालमाथि अन्याय गरेको छ, तर संसदमा कुरा उठ्दैन ।

१९७५ मा भारतले सिक्किम खाइदियो, चीनले मान्यता दिएन । तर २००३ देखि चीनले सिक्किमको नाका हुँदै भारतसँग ब्यापार बढायो । यसको अर्थ चीनले बिस्तारवादलाई व्यापारका लागि मान्यता दिने नीति लिएको त होइन ? हो भने यो नेपालको सार्वभौमिकताका लागि खतरा हो ।

चीन भारतलाई चिढाउन नचाहनुको कारण ब्यापार नै हो । नेपालको कूटनीतिक तरलता छिमेकी चिढिनुको मुख्य कारण हो, यसकारण नेपालले दुवै छिमेकीको सुरक्षाचासोलाई संवोधन गर्नुपर्छ र नेपालको सार्वभौमिकताको रक्षा गर्न सक्नुपर्छ ।

चीन विज्ञको बिचारमा 'भारत र चीनको बीचमा द्वन्द्व पनि छ, सहकार्य पनि छ ।'

यथार्थमा नेपालको कूटनीतिक क्षमतामा ह्रास आउनुले नेपाल कमजोर हुँदैछ । मुख्य सवाल प्रधानमन्त्रीको चीन भ्रमणका बेलामा नक्साको विषय मुख्य एजेण्डा बन्नुपर्छ भन्नेमा अधिकांश विज्ञको सुझाव छ ।

सरकारले सुझाव सुन्ला र ? (०८० भदौ १९)



*प्रेम सागर पौडेल*
*अध्यक्ष- नेपाल-चाइना म्यूचुअल कोअपरेशन सोसाइटी*

**झण्डै दुई लाख बढी भारतीय तीर्थयात्री कैलास मानसरोवर यात्राका लागि पर्खाइमा थिए ।**

**दुई देशबीचको सहमति पछि उनीहरूको यात्रा शुरू हुनेछ ।**

# चीनले चुच्चे नक्सा किन गायब बनायो ?




सीमाविद बुद्धिनारायण श्रेष्ठ भन्नुहुन्छ- चीनले जारी गरेको नक्सामा नेपालको चुच्चेभाग नहुनु नेपालको कूटनीतिक असफलता हो । सीमाविदका अनुसार नेपालको यो नक्सा- चिनियाँ भाषाको चुच्चे नक्सा मैले चीनको State Bureau of Surveying & Mapping बाट ल्याएको हुँ । नेपालमा पहिलो पटक २०५८ मंसिर २८ मा नेपाल समाचारपत्र दैनिकमा नक्सासमेतको समाचार प्रकाशित गरिएको थियो । तर नेपालको असफल कूटनीतिका कारणले गर्दा त्यो चुच्चेनक्सा चीनले सार्वजनिक गरेको नक्सामा देखिएको छैन ।

चीनले अहिले जुन संस्थाबाट तयार भई प्रकाशित गरेको नयाँ नक्सा हो, त्यही संस्थाको Archive मा यो नक्सा रहेको छ । नक्साको नाम हो Qing Dynasty–1903.

यो नक्साको Catalogue Number हो Guangxu–29 र कोस्टमा -Name of Emperor after 29 years since he came to power उल्लेख गरिएको छ । नेपालले प्रकाशित गरेका चुच्चे नक्सालाई यो नक्साले सत-प्रतिशत समर्थन गरेको छ ।

नेपालले यो सत्य पनि छिमेकीलाई बुझाउन सकेन ।

# कारवाही विधिसम्मत नै छ त ?



रवि लामिछानेको मुद्दा अनुसन्धानको क्रममा भएको अमानवीय व्यवहार र सांसदपद निलम्बनको विषयमा कानुनविद्हरू बी च बिमर्श चलेकै छ ।

विधिसम्मत कारवाही हुनुपर्छ, कानुनका दृष्टिमा सबैप्रति बराबर दृष्टि हुनुपर्छ । तथापी नागरिकको नजरमा ज्यादति भएको अनुभूति राम्रो भएन ।




डिसेम्बर १८, २०२४ मा भारत र चीनका विशेष प्रतिनिधिहरूबीच बीजिङमा भएको बैठकमा दुई महत्वपूर्ण सहमति भएका छन् :

१. कैलाश मानसरोवर यात्रा पुन: सुरू गर्ने सहमति: सन् २०२० देखि रोकिएको यो धार्मिक यात्रा पुन: सुरू गर्न दुवै देश सहमत भएका छन् । यसले भारतीय तीर्थयात्रीहरूलाई पुन: कैलाश मानसरोवर जाने अवसर प्रदान गर्नेछ ।

२. सीमा क्षेत्रमा गस्तीसम्बन्धी नयाँ प्रोटोकल: दुवै देशका सेनाहरूले वास्तविक नियन्त्रण रेखा (एलओसी) मा गस्ती पुन: सुरू गर्ने र सेनाहरूलाई पछाडि हटाउने सहमति गरेका छन्, जसले सीमा क्षेत्रमा स्थायित्व र शान्ति कायम गर्न मद्दत पुऱ्याउनेछ ।

यी सहमतिहरूले भारत र चीनबीचको सम्बन्ध सुधार गर्न र सीमा क्षेत्रमा शान्ति स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । *(नेपाल सरकारले चीन भारतको सहमतिले असर नगर्ने भनेको छ । व्य.)*




## भारत-चीन सम्झौता



भारत र चीन वर्षौंको सीमा गतिरोध रोक्दै भारतीय तीर्थयात्री कैलाश मानसरोवर यात्रा पुन: सुरू गर्ने विषयमा सहमति गरेका छन् । सीमापार नदी सहयोग र नाथुला सीमा व्यापारलाई महत्व दिएका छन् । चिनियाँ विदेश मन्त्रालयले डिसेम्बर १८, २०२४ मा, चीन–भारत सीमा प्रश्नमा विशेष प्रतिनिधिहरूको २३औं बैठक बेइजिङमा सम्पन्न भएको जनाएको छ । सीमामा शान्ति र स्थिरता कायम राख्ने र कूटनीतिक तथा सैन्य वार्ताका लागि संयन्त्रलाई सुदृढ पार्ने भनेका छन् । एनएसए अजित डोभाल र वाङ यीलाई दुबैतिर भ्रमणको आमन्त्रण गरिएको छ ।



# सुसेली साहित्य र मुक्तक लेख्ने प्रयासहरू



१) हेर्नुस् मात्र त
सधैंभरि देशमा
गाईजात्रा छ ।
२) देऊ आकार
यो देशको सपना
बनोस् साकार ।

**- दुर्गा अधिकारी भमरकोटे**



१) मायाको डोरी
धेरै स्वाङ नपार
जम्लानि छोडि ।
२) शिव आरति
साँडेमाथि चडेर
भए सारथि ।

**- शालिकराम दाहाल**



१) लेखौं बेस्सरी
गाईजात्रा देशमा
हेरौं कसरी ?
२) दैलो घुरूक्कै
सुसेलीको धुनले
उठें जुरूक्कै ।

**- रामप्रसाद अधिकारी**



१) घोच्छ बेसरी
विरहको गीत यो
लेखूँ कसरी ?
२) छायाँ पारेर
माया भयो फरार
गोरू नारेर ।

**- रामशरण न्यौपाने**



१) डाँडा पाखामा
प्रकृतिका सुन्दर
झल्के आँखामा ।
२) खुशी उमङ्ग
चाड पर्वको बेला
मनै फुरूङ्ग ।

**- सुचिता काफ्ले**



१) हो नि हुन त,
झर्दैन है आँशु त,
रून्छु रून त ।
२) रून् नपरोस्
बढ्यो भाउ सुनको
नुन नबढोस् ।

**- मोहन भुजेल**



१) हाम्रो भविष्य
स्वच्छ वातावरण
राम्रो भविष्य ।
२) कानमा तेल
नहाल् न सरकार !
नगर न झेल ।

**- चन्द्रा न्यौपाने**



१) पर्दो रहेछ
समयले अनेक
गर्दो रहेछ ।
२) रहनु नै छ
जीवनमा परेको
सहनु नै छ ।

**- सुशीला ढकाल अधिकारी**



उफ् चिसो रातलाई मायाको तापले सेक्न आऊ
तिम्रा यादहरूलाई चुम्बनको बर्षातले छेक्न आऊ
पलपल पर्खाईमा बिस्तारीत भएका मेरा नयनमा
खुशी भरेर मायाको संसारमा मायालु टेक्न आऊ

**- अर्जुन अधिकारी**



साँढे उफ्रिन्छ डुक्रिन्छ बलमत्ता भएपछि
कसैलाई उ गन्दैन अरूले मान्दिए पछि
नमान्ने क्वै अघि आए नसके भाग्न पर्दछ
बलियाको इसारामा लाग्नुपर्छ पछि पछि ।

**- मुक्तिनाथ शर्मा**

# मोहनविक्रम सिंहको जलजला उपन्यास

कम्युनिष्टका गुरू मोहन विक्रम सिंहको २३ वर्षको अथक लेखन प्रयास हो जलजला उपन्यास । यो उपन्यासको विमोचन मङसिर १५ गते भएको हो । विमोचन पूर्व नै आवरण तैयार गर्ने रतनकुमार राई र दुर्गा पौडेलले सामाजिक सञ्जालबाट यसको प्रचार गरेको देखिएको थियो । विमोचन कार्यक्रममा क.जलजलकी (विद्या ढकाल) आमा ९० वर्षकी ललितादेवी उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रमका सभापति थिए, जनमोर्चा नेपालका नेता चित्रबहादुर केसी । लेखकका छोरा अशोक विक्रम जिसी (समीर सिंह) पनि उपस्थित हुनुहुन्थ्यो । पुस्तक यति ठूलो थियो कि उपस्थित कसैले यो उपन्यास पढेका थिएनन् । क.मोहनविक्रम सिंहको अनुहार, बिगत हेरेर समीक्षा भएको थियो ।





टिप्पणीकार भरत पोखरेलले सामाजिक सञ्जालमा लेखेअनुसार लेखकले भनेका छन्- ताजमहल बनाउनका लागि म शाहजहाँ होइन, रानीमहल बनाउनका लागि म खड्ग शम्शेर होइन र गौरी काव्य लेख्नकालागि म माधव घिमिरे होइन । त्यसैले मैले कामरेड जलजलाको सम्झनामा कामरेड जलजला उपन्यास लेखेको हुँ । लेखकले उपन्यासमा हुँदै नभएका नामहरू ताजमहल, रानीमहल र गौरी काव्य बोल्नुको पछाडिको उद्देश्य बुझिएन । मुगल सामन्त शाहजहाँ, राणा शासक खड्ग शम्शेर र नेपाली राजतन्त्रका भाट माधव घिमिरेका प्रसङ्ग अप्रसाङ्गिक देखिन्छन् । बरू पुस्तकमा उल्लेख गरिएका पियरी अवेलार्ड र हेलोसी, जोन पल सात्र र सिमन डि वुभा, सुन्दरलाल बहुगुणा र विमला बहुगुणा अनि राजलाका प्रेम कथाहरू भिडियोमा बोलिएका भए प्रसाङ्गिक हुने थिए । का. जलजला उपन्यासलाई प्रेम र दर्शनको संगम भनिएको छ ।..पुस्तकले पुस्तक आकारकै बहसको माग गर्दछ ।

क. जलजला उपन्यासमा धेरै पात्र, मिति, घटना र तथ्यहरू वास्तविक रहेको लेखकको भनाइ छ, त्यो सत्य हो । ...चन्द्रिकाप्रसाद भट्ट (पृष्ठ १३९), मछलीदफ्तर (पृष्ठ २८९, ८७१) मछेडीदफ्तर (५०६), कुर्ची (पृष्ठ १११७) कुर्सी (पृष्ठ १२८५), राहुल साङ्कृत्यायनको बोल्गा से गङ्गासम्म पुस्तकको शीर्षक हिन्दीनेपाली मिसमास भएको छ (पृष्ठ १०२०) । ...जलजलाको बुवाको नाम वेदप्रसाद ढकाल (पृष्ठ ३३९) होइन वेदबराज ढकाल हो । जलजलाका बहिनीहरूको नामक्रम सही छैन (पृष्ठ ३४४) । खस जातिको अध्ययन गर्ने सूर्यविक्रम अधिकारी (पृष्ठ ४८७) होइन सूर्यमणि अधिकारी हो । बनारस युनिभर्सिटी (पृष्ठ ३४५, ११३९), काशी विश्वविद्यालय (पृष्ठ ५१७) होइन बनारस हिन्दु विश्वविद्यालय (बीएचयु) हो । सुनन्दाले दिल्ली युनिभर्सिटी (डीयु) बाट होइन (पृष्ठ ९०४) जवाहरलाल नेहरू युनिभर्सिटी (जेएनयु) बाट इतिहासमा पीएचडी गरिरहेकी हुन् । अखिल भारत नेपाली विद्यार्थी समाज (पृष्ठ ११३५) होइन अखिल भारत नेपाली विद्यार्थी संघ (अभानेविसंघ) सही हो ।

सुनन्दाको जन्म तेन्जिङ शेर्पा र एडमन्ड हिलारीले संसारको सर्वोच्च शिखर सगरमाथा विजय प्राप्त गरेको दिन मार्च २९, १९५३ (पृष्ठ ६४) गलत छ सही मे २९, १९५३ हो (पृष्ठ २९८) । जलजलाको जन्म पनि उपन्यासका आधारमा जुलाई १९५३ देखिन्छ । यो आधारमा सुनन्दा जलजलाभन्दा दुई महिना जेठी देखिन्छिन् तर उपन्यासमा सुनन्दाले जलजलालाई अगाध सम्मानले दिदी भन्ने गरेको लेखकको कमजोर तर्क छ । गलत चिजलाई मनोगत इच्छाले समर्थन गर्दैन । पर्वतारोहणकी पारखी सुनन्दाको जन्म मिति यथावत राखे पनि जलजलाको जन्ममिति त्यही साल मार्च ८ ऐतिहासिक दिन राखेको भए यी सबै समस्या समाधान हुने थिए । उपन्यासमा यो प्रसङ्ग विवादित विषय हुन सक्छ । उपन्यासमा सुनन्दाले नेपालका प्रमुख इतिहासकार, साहित्यकार, मूर्तिकारहरूसँग भेट गरेको उल्लेख छ (पृष्ठ २२६) । तीनमा एक हुन इतिहासकार बाबुराम आचार्य । बाबुराम आचार्यको मृत्यु सन १९७१ मा भएको थियो जुनबेला सुनन्दाको उमेर १८ वर्षमात्र हुन्छ के १८ वर्षको मानिस जेएनयुबाट पीएचडी गरिरहेको इतिहास छ ? ...का. जलजला उपन्यासमा नाम, मिति, तथ्यहरूमा धेरै कमजोरी देखिएका छन् जुन लेखकका कमजोरी पक्ष हुन् ।

उपन्यासकी एक प्रमुख पात्र विद्या थापा (पृष्ठ २२२) जो उपन्यासको सुरूदेखि अन्तिमसम्म उपस्थित छिन् लेखकले उनीमाथि न्याय गरेको देखिदैन । प्रथम त रोल्पा थवाङकी मगर जनजातिकी विद्याको नाम उपन्यासकी प्रमुख पात्र जलजलाको वास्तविक नाम विद्यासँग जुधाउनु आवश्यक नै थिएन । ... विद्या थापाको नाम रोल्पाकै चलनतल्तीको नाम मनमया, मनसरी, मनरूपा, मनकली, धनसरा, धनकला, दिलसरा, निरमया, ओनसरी, जयपुरी, मनसरा आदि एउटा नाम राखिनु पर्थ्यो । विद्या थापा एउटा यस्ती पात्र हुन् जसको घर थवाङ जहाँ जलजला २०३३ सालमा पार्टी संगठन निर्माणमा गएको बेला सेल्टर लिएर बसेकी हुन्छिन् । जलजलाको प्रेरणाले विद्या जलजलासँग नेपाल र भारतका सहर पस्छिन् । पछि जलजलालाई खोज्न सुनन्दासँग विद्या पनि हिँड्छिन् । काठमाडौं छिरेर दिव्यासँगको भेटपछि विद्यामा विचलन आउन थाल्छ तर जलजलाको मृत्युपछि विद्यामा फेरि सकारात्मक सोच पलाउँछ । ... । उपन्यास अवधिमा सुनन्दाले आइए, बीए, एमए पास गर्छिन् तर विद्या आइएको परीक्षा तयारीमा मात्र रूमलिएको देखिन्छ । त्यतिमात्र होइन सुनन्दासँग उपन्यासको सुरूवात गर्ने विद्या थापालाई लापर्वाहीले उपन्यासमा विद्या रोका (पृष्ठ १२५८) लेखिएको छ । बिचरा विद्या । का. जलजला उपन्यास जति ठुलो छ गल्ति पनि त्यति नै ठूला देखिएका छन् । पहिलो संस्करण सकिएपछि लेखकले पुस्तक पुनर्लेखन गर्नु आवश्यक देखिन्छ । पाठकहरूलाई कनिका, बीयाँ सहित भात पस्किने सोच सही भएन । पुस्तकको विषयवस्तुबारे एउटा अन्तिम आलेख आउने छ ।




# छाउपडी का देवता



*अरूणबहादुर खत्री*

लघुकथाकार गङ्गा आचार्यको **छाउपडीका देवता** लघुकथासङ्ग्रह हो । यसभन्दा अगाडि उनको आस्थाको आँचल नामक मुक्तकसङ्ग्रह प्रकाशित भएको थियो । यस कृतिभित्र उनले लेखेका छाउपडीका देवता, पश्चाताप, विचार, भङ्गालो, निष्पक्ष, दम्म, न्याय, अचम्म लगायत विभिन्न शीर्षकका ५० वटा लघुकथाहरू राखिएका छन् । यसमा सङ्गृहीत ५० वटै लघुकथा प्रभावकारी र आकर्षक रहेका छन् ।

यस सङ्ग्रहभित्रको छाउपडीका देवता शीर्षकको पहिलो लघुकथामा जुनुलाई छाउगोठ नजान मैले पनि प्रोत्साहन गरेको थिएँ । ऊ आफैं पनि सचेत थिई । हामीलाई थाहा थियो । मान्छेले कुरा काटेर केही हुँदैन । देउता रिसाउने पनि होइनन् । रजस्वला हुनु पाप पनि होइन भनिएको छ । उत्तर आधुनिक तिज शीर्षकको लघुकथामा साउनको पहिलो हप्ताबाटै दर खाने कार्यक्रम शुरू ? कसरी समय मिलाउनु ? मेरो मनमा कुरा खेलिरहयो । मौन रहे । अध्यक्षको नाताले पनि केही न केही बोल्नै पर्थ्यो मैले भनिएको छ ।


लघुकथामा यो उनको पहिलो प्रयास हो । उनले मनमा उर्लिएका भावलाई लघुकथाको रूप दिन सकेकी छिन् । हाम्रो समाजमा आफ्नै सन्तान भए पनि छोरा र छोरीलाई हेर्ने दृष्टिकोण फरक भएको दृष्टान्त बडो रोचक ढङ्गले लघुकथामा दर्शाइएका छन् । यस सङ्ग्रंहमा नारीहरूले भोग्नु परेका अनेक दुःख र पीडाका बोझहरूलाई उतारिएको छ । पाहुना शीर्षकको छोटो लघुकथामा गाउँबाट भोलि भिनाजुका भाइ आउने हुन् रे । हैरान पार्ने भए पाहुनाले, गल्ती स्वीकार शीर्षकको लघुकथामा निरूताको रिस नाकको टुप्पामै छ । तुरून्त अनेक जवाफ फर्काइन् । झगडाले उग्र रूप लियो भनिएको छ ।

भाषिक सरलता गङ्गाका कथाहरूको महत्वपूर्ण विशेषता हो । विषय र विचारगत विविधता उनको कथाहरूको मूल उद्देश्य हो । न्याय शीर्षकको लघुकथामा गरिब, दुःखी, निमुखा मान्छे अपराधी भएको भए त उहिल्यै समाएर कारवाही गरिसक्ने नि हजुरआमाले भन्नुहुन्छ । डिभी शीर्षकको लघुकथामा म उठ्दै थिएँ । मोबाइलको घण्टी बज्यो फोन उठाउन नभ्याउँदै छोरी खुसीले चिच्याई ममी मलाई डिभी पऱ्यो कथाकारले भनेकी छिन् । गङ्गाले जीवनमा जुन उतार चढाव भोगिन् तिनै भोगाइ घटना परिघटनाले अङ्कुराएको भाव नै छाउपडीका देवता लघुकथा सङ्ग्रह हो। मनका भावहरूलाई समय र परिस्थितिले प्रभावित गर्दा जे अभिव्यक्त भयो त्यही नै यस छाउपडीका देवता लघुकथा सङ्ग्रह हो ।

निष्पक्ष शीर्षकको लघुकथामा राधाले आफ्नो अफिसका साथीहरू तर्फ हेर्दै भनिन् । बढुवा प्रतियोगिताको रिजल्ट भएछ नि । म पास भएछु । सबै पास पाएको भए अझैं जाती हुन्थ्यो । प्रतियोगी साथीहरू सबै मुखामुख गरे । तीमध्ये एकजनाले भने अहिलेको रिजल्ल निष्पक्ष गरेको छैन भन्ने हल्ला छ भनिएको छ । शिक्षा शीर्षकको लघुकथामा शिक्षक बनेर विद्यालय प्रवेश गरेको दिन गोमा विध्न खुशी थिइन् । पहिलो पिरियडमा विद्यार्थी उपस्थिति पुस्तिकासहित कक्षाकोठामा प्रवेश गर्दै थिइन् । प्रधानाध्यापकले भन्नुभयो विद्यार्थी अलीक चञ्चल छन् । लौरो लिएर जानुहोस् । अलिअलि डरत्रास देखाउनुपर्छ । नत्र अटेरी बन्छन् भनिएको छ । भङ्गालो शीर्षकको लघुकथामा आमा त्यो घरमा म बस्न सक्दिन । रातदिन दाइजो थोरै भएको निहुँमा कङ्गालकी छोरी भन्दै गाली गर्छन् । हजुरको ज्वाइँमा झन् संवेदनानै छैन कुट्ने पिट्ने आरोप बाहेक भनिएको छ ।

गङ्गाको पहिलो लघुकथासङ्ग्रह भए पनि यसभित्र लेखिएका लघुकथा खारिएका, माझिएका र टलक्क टल्किएका छन् । थोरै लेखेर पनि गुणस्तरमा ध्यान दिन सके कृतिको महत्व बढ्नेछ । यस तथ्यलाई लघुकथाकार गङ्गाले मनन गरेकी छिन् । सङ्ग्रहभित्रका पात्र, परिवेश र घटना हाम्रै समाजमा देखिएका सुनिएका र भोगिएका छन् । मान्छेका प्रवृत्ति र उसले बिर्सदै गएको आफ्नो धरातल तथा हराइरहेको मानविय संवेदनालाई पनि यस कृतिले आफ्नो विषय बनाएको छ । आशावादी भएर समाजका विकृतिलाई निर्मूल पारेर एउटा सुन्दर समाज निर्माण गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्नका लागि यस सङ्ग्रहभित्रका कथा सक्षम छन् । स्रष्टा एउटा समाजको द्रष्टा पनि भएकाले ऊ यो समाजबाट अलग हुन कत्ति पनि सक्दैन । यही समाजमा रहेका सङ्गत, बिसङ्गत सबै कुरासँग पौंठाजोरी खेल्नुनै पर्छ । छोराको परिवार शीर्षकभित्र छोरा बिनोदले एकदिन बिहानै फोन गऱ्यो । सुन्नुहोस् न आमा । असाध्यै खुशीको खबर छ । आमा पार्वतीले सोचिन् अब पक्कै छोरा आउँछ। यतै इलम गर । नजा परदेश दुःखसुख खाउँला बसुला भन्छु । उत्साहित हुँदै भनिन् के छ खबर ? सुनाउन छोरा छिटै । जब खबर सुनिन् हातबाट मोबाइल बस्यो । छोरा भन्दै थियो मैले ग्रिनकार्ड पाएँ । अब छिट्टै हजुरकी बुहारी र नातिनीलाई ल्याउन पाउँछु । मलाई अब मेरो परिवारसँग छुट्टिएर बस्न पर्दैन । योभन्दा खुसीको खबर अर्को केही हुन्छ र आमा ?

सामाजिक, सांस्कृतिक बिसङ्गतिमाथि गङ्गाको मुख्य केन्द्रबिन्दु भएको छ । उनका सामाजिक जीवन, भोगाइ, जीवन देखाइ र जीवन सुनाइहरू सरर्र सिनेमाका रिलजस्तै आएका छन् । धार्मिक आडम्बरमाथि असन्तुष्टि छिन् । कथाजस्तै लघुकथा पनि स्वयम्मा पूर्ण हुन्छ । लघुकथा कथाको संक्षेपीकरण होइन । लघुकथा आख्यानको लघुतम वा सूक्ष्मम विधा हो । लघुकथा छोटो हुन्छ तर पूर्ण हुन्छ । छोटो आयाममा जीवन र जगत्लाई समेट्नु लघुकथाको विशेषता हो । लघुकथा लोकप्रिय भएकै कारण यसप्रति लेखनको आकर्षण बढ्दै गइरहेको छ । अन्त्यमा लघुकथाकार गङ्गाको अन्य कृतिहरू पनि प्रकाशित होउन् भन्ने विश्वास राखौं । प्रकाशकः ज्योति प्रकाशन प्रा.लि., मूल्यः रू.२५०।-, पृष्ठः ११२






| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## भ्रष्टाचारको पहरो खस्ला ?

शाही नेपाल वायुसेवा निगमको नामबाट शाही हटाइयो । शाही हटाउने क्रान्तिकारी, अग्रगमनकारीले निगमलाई भ्रष्टाचारको अड्डा बनाए । सरकारी महालेखा परीक्षकको रिपोर्टले भन्यो- वाइडबडी जहाज खरिद गर्दा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको छ । यसमा छानबिन समिति बन्यो, चलाख भ्रष्टाचारीहरूले संसदीय छानबिन गठन गर्ने नाटक गरे । नाटकको मञ्चन भयो, भ्रष्टाचारको सुनामीलाई सामसुम पारियो । दबाइयो । भ्रष्टाचार हो, नाली गनायो, नाली गनाएको दुर्गन्ध अमेरिकामा समेत फैलियो ।



जहाज आपूर्ति कर्ताथिजए अमेरिकाको एएआर कर्प कम्पनी । नेपालमा भ्रष्टाचार दबाइए पनि अमेरिकामा दबेन । नेपाल एयरलाइन्सको दुईवटा वाइडबडी जहाज खरिद प्रक्रियाका लागि नेपालका अधिकारीहरूलाई घुस दिएको प्रमाणित भएपछि एएआर कर्प कम्पनीलाई अमेरिकी सरकारले ५५ मिलियन डलर (७ अर्ब ४२ करोड रूपैयाँ) दण्ड जरिवाना तिर्नुपर्ने निर्णय गरेको छ । घुस खाएर जहाज किन्ने, देश डुबाउने तत्कालीन नेपाल एयरलाइन्सका पदाधिकारी, पर्यटनका मन्त्रीसमेत, कर्मचारी, नेता र नेताका आफन्त व्यापारी र कम्बल ओढेर घ्यू खानेहरूको यतिबेला सातो गएको छ । जहाज खरिद गर्दा घूस खाएको प्रमाणित भइसकेको छ । यो भ्रष्टाचारको लहरो तानिएको छ । पहरो खस्नेवाला छ । नेपालमा यो भ्रष्टाचारलाई टालेर पनि टाल्न नसक्ने, दमपच गराउन नसक्ने स्थिति आइसकेको छ ।

तत्कालीन नेपाल एयरका कार्यकारी सुगत रत्न कंसाकारले सार्वजनिक रूपमै भन्ने गर्थे- निगमले असन बजारमा आलु प्याज किने जसरी सजिलै जहाज किन्न पाउनु पर्छ । उनले सजिलै जहाज किने । जहाजमा यति ठूलो घूसकाण्ड भएको थियो कि महालेखाको प्रतिवेदनलाई प्रभावशाली नेता, सरकारले लुकायो । तर कुहिएको दुर्गन्ध अमेरिकाबाट प्रमाणित भयो ।

यो जहाज घोटाला काण्डमा नेपाली कांग्रेस, एमाले, माओवादीका नेतामात्र होइन, बिचौलिया तिनका नातेदार र निकटेहरू पनि पर्नेवाला छन् । यो प्रकरणलाई लुकाएर पनि लुकाउन गाह्रो छ किनकि जहाज आपूर्तिकर्ताले घूस दिएको स्वीकारिसकेको स्थिति छ । सवाल यत्ति छ कि घूस खाए कसकसले भन्ने हो ? यसमा जनप्रतिनिधि भनिएका, जनताप्रति जवाफदेही भएकाहरूको बोली फुटिसकेको छैन । संसदको अधिवेशन बोलाइने बेला भइसकेको छ । यही संसदको अधिवेशनमा यसबारे कुरा उठ्नेछ, सडक तात्ने छ र यो काण्डले अन्य भ्रष्टाचारका मुद्दाहरूसमेत उठाउने छ । अब हेर्नु यत्ति छ कि लोकतन्त्र हाँक्ने नेतृत्व भ्रष्टाचारलाई दबाउँदै आएका थिए, घाउ उकल्चिएको छ, यो घाउले कसकसलाई दुःख दिने हो, जेल पुऱ्याउने हो ?

# राष्ट्रको लोकतन्त्र कि पार्टीको लठैततन्त्र ?

यो राष्ट्रको लोकतन्त्र कि पार्टीको लठैततन्त्र ? सहकारी प्रकरण र रास्वपाका सभापति रवि लामिछानेमाथिको अमानवीय र अशोभनीय कारवाहीपछि जनमानसमा यो प्रश्न उठेको छ ।

गल्ती गर्नेले दण्ड पाउनुपर्छ । विधिअनुसार पाउनुपर्छ । आफ्नालाई चैन, प्रतिपक्षीलाई ऐन भएको अनुभूति जनताले गरेका छन् । यो आगोको झिल्को हो, आगो कसैको पनि मित्र हुनसक्दैन ।

आगोको काम पोल्नु हो, डढाउनु हो, खरानी बनाउनु हो । हेक्का रहोस् ।

लोकतन्त्रमा लोकको भय हुनुपर्छ । लोकको आवाजको सुनवाई हुनुपर्छ । लोकको अपेक्षा पूरा हुनुपर्छ । लोकप्रति जवाफदेहीता हुन्छ । अहिले देशमा जुन बेथितिलाई लोकतन्त्र भनिएको छ, यसले लठैततन्त्र, माफियातन्त्र, अपराधतन्त्रलाई बढावा दिएको छ, लोकतन्त्रले नोज डाइभ गऱ्यो, लोकतन्त्र मर्दैछ ।

२०१३ सालमा राजाले खुलामञ्च बनाइदिए, यिनले सेटिङ मिलाएर मीठो खान्की जो बनाए । बालमन्दिर, ललिता निवासले चर्चेका बालुवाटारका जग्गाहरू सरकारी बनाएको थियो, यिनले भूमाफियासँग मिलेर लुट कान्छा लुट गरेर लुटे । त्रिविका काभ्रेदेखि थानकोटसम्मका जग्गा प्राध्यापकदेखि कसले लुटेनन् ? कुनै खोजबिन खानबिन नै हुँदैन । खोजबिन भयो, कसैमाथि कारवाही नै हुँदैन । जो ज्ञान दिने हुन्, तिनले समेत लुटेराको चरित्र देखाए । लुटेराजस्ता छन् ।

यतिमात्र होइन, ८ करोड लिएर नेपाल पसेको एनसेलले वर्षेनी ६० अर्व बोकेर जान्छ, एकले अर्कोलाई बेच्छ, सरकार लाभकरसमेत उठाउन सक्दैन । पार्टीहरू चन्दा लिएर लाभकर तिर्नुपर्दैन भनेर छुट दिन्छन् । एनसेलले भनिदियो ठूला पार्टीलाई १०-१० अर्व दिएका छौं, फिर्ता गर्नोस् लाभकर तिर्छौं । त्यसपछि एनसेल चोखो भयो, चोखियो ।

नेपाल आयल निगमले कौडीका भाउका जग्गा सुनका भाउमा किन्यो, सबैले मिलेर कमिशन खाए । फोरजी सेवा सबैभन्दा ठूलो भ्रष्टाचार हो, तर कतै सुनवाई भएन । अहिले वाइडबडी जहाज नेपाललाई बेच्दा घूस दिएको आपूर्तिकर्ताले अमेरिकामै सकार गऱ्यो, नेपालमा कसकसले त्यो घूस खाए, छानबिनको मेलोमेसो देखिदैन । जनतामाथि कर, नेताहरूलाई जति भ्रष्टाचार गरे पनि छुट । यही हो लोकतन्त्र भने यो त लुटतन्त्र हो । यस्ता अनेकन भ्रष्टाचारकाण्ड चर्चामा छन् । शक्तिले छोपे पनि गनाइरहेछ ।

यसकारण प्रश्न उठ्यो- यो राष्ट्रको लोकतन्त्र कि पार्टीको लठैततन्त्र ?

बोकाको टाउको झुण्डाएर कुकुरको मासु बेच्ने थलो हो संसद भन्ने कम्युनिष्टहरूले समाजवादी, पुँजीवादी सबैलाई भ्रष्टाचारमा माथ गरिसके । कम्युनिष्टजति सम्भ्रान्त को होला ? परिवर्तनपछिको १८ वर्षमा अधिकांश समय कम्युनिष्टहरूले सरकार चलाए । संक्रमणकालीन न्यायसमेत सम्पादन गर्न सकेनन् । यिनकै कार्यकालमा सबैभन्दा बढी व्यभिचार बढ्यो । विश्व कम्युनिष्ट आन्दोलनमा लज्जा पनि लज्जित भयो ।

कम्युनिष्ट आफै व्यवसायी बनेका छन्, शिक्षा, स्वास्थ्यमा समेत व्यापार गरिरहेका छन् । बोकाको टाउको झुण्ड्याएर कुकुरको मासु बेचिरहेछन् । यसैकारण त लोकलाई संसद गनाइरहेको छ, सरकारप्रति घृणा बढिरहेको छ । नेताहरूलाई चोर भनिरहेछन् । स्वयम् नेताहरूले नै आफ्नो हैसियत गुमेको बुझेका छन् ।

शासन त छँदैछैन, कुशासन छ र कूशासनको आसनमा बसेर दुशासन राज गरिरहेको छ । लोक नङ्ग्याएर कार्यकर्ता पोस्ने पाल्ने थलोको अर्को नाम संघीय लोकतन्त्र बनेको छ ।

लोकतन्त्रका नायक जनता हुन् । राजनीतिका जमदार र प्रशासनका खरदारहरू जनताका सेवक हुनुपर्ने हो । शासक र प्रशासकहरू त लोकका मालिक बनेका छन्, लोकलाई यिनै शासक प्रशासकले कमैया बनाए ।

जनताले अव भन्नुपऱ्यो- जनमत, जनबल लिएका नेताहरू राजनीतिलाई व्यापार बनाउँछन् भने तिनले राजनीति गर्नु बेकार छ । यस्ता भ्रष्टहरूलाई नागरिकले घोक्रेठ्याक लगाउने हिम्मत गर्नुपर्छ । चाणक्यले राजनीतिलाई उत्तम समाजसेवा भनेका छन्, लोकनायकको मुखुण्डाधारीहरूले राजनीतिलाई मुनाफा कमाउने हाटबजार बनाइदिए ।

प्रजातन्त्रवादी र सर्वहारावादीहरू आफूलाई देशबादी भन्छन् । तर यिनले देशघातक कामबाहेक केही गरेनन् । सीमा मिचिदैछ, विदेशी हस्तक्षेप बढ्दैछ, बोल्दैनन्, पटक्कै बोल्दैनन् । यिनको नजर सत्ता र सम्पत्तिमा छ । सत्ता पाउन्जेल लोकतन्त्रवादी, सत्ता पाएन कि बर्बराउँछन् यिनीहरू । ब्रेक बिनाको गाडी र यी लोकतन्त्रे उस्तै उस्तै हुन् । अति अराजकता भयो अब ।

जी एस गिद्वानीले टिपु सुल्तान उपन्यास लेखेर गद्धार भनेको कति बिषालु हुन्छ, जुन विषले न मानवतालाई बाँकी राख्छ, न देशभक्तिलाई भनेर लेखेका छन् । जसरी तत्कालीन मैसुर साम्राज्य हात पार्न अंग्रेजहरूले हैदर अलीजस्ता गद्धार तैयार पारेर प्रयोग गरेको थियो, आधुनिक नेपालमा देशभक्त र देशभक्ति, राष्ट्रियता र राष्ट्रिय एकतालाई षडयन्त्रको भूमरीमा पार्ने हाम्रा नेताहरू नै हुन् । टिपु सुल्तान जसरी गद्दीनसीन भए, गद्धारहरूका कारण देशभक्तहरूको सफाया गरियो, नेपालको वर्तमान कालखण्ड त्यस्तै मिल्दोजुल्दो छ । नेपालभक्त कम, विदेशभक्त बढी छन्, नेपाल संकटग्रस्त हुँदो छ । जनताले दूध पिलाए, सत्तामा नैतिक अडान र जनताप्रति जवाफदेही बन्न नसकेका गद्धार सर्पहरू छन्, जो जनता नै डसिरहेका छन् । अनैतिकताका आँधीबेहरी बनेका छन् । राष्ट्रियता संकटापन्न पारेका छन् ।

नेपाली सोझा छन्, विश्वास गर्छन् । जनता सेक्सपियरको नाटकका सिजर हुन्, जसलाई ब्रुटस बनेका नेताहरूले भ्रममा पारेर भोट लिइरहेछन्, काखमा राखी राखी कत्लेआम गरिरहेका छन् । राजनीति र प्रशासनमा गद्धारहरूको जगजगी छ, नागरिक उकुसमुकुस हुटहुटीमा छन्, देशव्यापी छटपटी छ, शासन कूशासन बनेको छ, शासक द्रौपदीलाई जसरी राष्ट्र र जनताको चीर हरण गरिरहेका छन् ।

यस्तो अत्याचार राष्ट्रको लोकतन्त्र कि पार्टीको लठैततन्त्र ?

१९०३ मा कोतपर्व गरेर जंगेको उदय भएको हो । जसले १०४ वर्ष शासन गऱ्यो । २०६३ सालको जनआन्दोलनको सफलता र २०६५ सालमा राजतन्त्रको सफाया गरेर २०७२ सालमा फास्ट ट्र्याकबाट घोषणा गरिएको संविधान र त्यसपछिको दुईचरणको




निर्वाचनपछि पनि लठभद्र जारी छ, लूटतन्त्रको महामारी छ । यिनकै ठूलो स्वर छ, लोकतन्त्र कार्यान्वयन भयो । लोकतन्त्र सफल भएको भए संविधानका संशोधनको कुरा किन ?

कोतपर्वभन्दा डरलाग्दो थियो झापा बिद्रोह, त्योभन्दा धेरै गुणा त्रासदीपूर्ण हो जनयुद्ध । सबै समस्याको जड राजतन्त्र र धर्मलाई मानियो, धर्म मासियो । राजतन्त्र किनारा लगाइयो । रामराज्य आएन । लोकतन्त्रमा नेपालैभरि लोकैलोक देखिनुपर्ने हो, देखिएन । लोकको जयजयकार सुनिनुपर्ने हो, सुनिएन । लोक ओल्लो किनार, लोकतन्त्र पल्लो किनारमा छ । जे मूलधारमा देखिन्छ, त्यो भ्रष्टाचार र चरित्रहीनतामात्र छ ।

जगजगी अपराधीको छ, तस्करको छ, माफियाको छ, भ्रष्टाचारी र ज्यानमाराको छ । ४८ टन सुन भित्रिने एयरपोर्टबाट दिनहुँ ३ हजार युवायुवती विदेशीने क्रम तीव्र बनेको छ । कुनै पनि युवा देशमा भविष्य देख्दैन । गरिखान पाइदैन यहाँ भन्छन् । यो लोकतन्त्रको कुरूप दृश्य हो ।

यो कस्तो देश होला, प्रधानमन्त्रीको सरकारी निवासमा दोहारी नाच देखिन्छ, पार्टी सञ्चालन गर्ने हेडक्वार्टर बनाइन्छ । राष्ट्रपति भवनभित्रै तीजको रत्याउली देखि बंश भेटघाट रमाइलो गरिन्छ । नीति, नैतिकता, आचरण नेतृत्वमा रहेन । हरेक नेता कानुन मिच्छन् । त्यस्तो राज्य कसरी लोककल्याणकारी राज्य हुनसक्छ ? लोकतन्त्र कसरी बाँच्छ ?

हरेक दिन भ्रष्टाचार, हत्या हिंसाका खबर आउँछन् । भ्रष्टाचार जति बढ्छ, समाजका हरेक क्षेत्रलाई क्षतविक्षत र तहसनहस पार्छ । नियन्त्रण र नियमन कतै पनि छैन । जता पनि राजनीतिकरण छ ।

भाषण गर्दा नेता भन्छन्- भ्रष्टाचार अव लुक्दैन । भ्रष्टाचार दण्डविधिबाट भन्दा नियन्त्रण बिधिबाट अन्त्य गरिनेछ । व्यवहारमा भ्रष्टाचार झन बढ्दो छ । भ्रष्टाचार देखेका र अन्यायमा परेका भन्छन्- नेपालको कानुन नेताहरू नै जानुन् ।

लोकतन्त्रको सुगन्ध फैलाउनुपर्ने, सुशासन कायम गर्नुपर्ने दायित्वबाट पार्टी र नेताहरू च्यूत भएकै हुन् । समृद्ध नेपाल र सुखी नेपालीको भजन गाउनेहरू भ्रष्टाचारका लम्पट बने, तिनले आफैले लेखेको संविधान असफल पारे, व्यवस्थाले अवस्था फेर्न सकेन । व्यवस्था असफल भयो ।

लोकतन्त्रको बखान लुटाहहरूको मुखमा मात्र छ । सत्ताधारीका पंक्तिमा मात्र छ । आमजनमानसलाई भ्रमित पार्ने चटके नेताहरूले भ्रम छरिरहेकै छन् । लोकतन्त्रको ओजन घट्यो, नेतृत्व घृणापात्र बने ।

होनहार युवामा गनिने गगन थापा भन्छन्- मन्त्रिमण्डल भ्रष्टहरूको क्लव हो । तिनै गगन थापा अर्को पार्टीको नेतामाथि पूर्वाग्रह राखेर बोल्छन्, आफ्नो पार्टीका गधाहरूलाई गाई ठान्छन् । गधा नुहाएर गाई हुन्न भन्ने यिनले बिर्सेका छन् । यी कसरी होनहार नेता हुन् र ? जीरहरूको वीरताले देश बन्यो, बनाइयो, भ्रष्टहरूले वीरपुर्षाको कमाई सखाप पार्नेभए ।

हुन पनि यो सरकारले सुन पक्राउ गर्छ, पछि तामा भनिदिन्छ । बलात्कारीलाई मायाँ भन्छ, ज्यानमारालाई पीठमा बोक्छ, कालोधनलाई सेतो पार्ने अवसर दिन्छ, यता छठपूजा गर्छ-उता इसाईको होलीवाइनको आचमन गरेर वाइबललाई पवित्र ठान्छ । उफ्, लोकतन्त्रको शासन लोकलाई हुनसम्मको शासना बन्यो ।

राजनीतिको सच्याइएन भने राष्ट्र धर्म, संस्कृति र संस्कारको बिनासलीला यही पुस्ताले देख्नुपर्ने वातावरण बन्दैछ । भावी पुस्ता अन्धकारमा जानेभयो ।

भर्खरै एउटा तथ्याङ्क सार्वजनिक भयो, नेपालमा ६५.५ प्रतिशत नागरिक किसान रहेछन् । यो देशमा ७ सय करोडको चामलदेखि कोदोसम्म आयात भएछ, जम्मा ११ करोडको कृषिजन्य उत्पादन निर्यात रहेछ । ६२ लाखभन्दा बढी नेपाली विदेशमा छन् । राष्ट्रको, पद्धतिको, नेतृत्वको अनुहार कति कुरूप र डरलाग्दो देखिन्छ यो तथ्यले ।

६ महिनामा संक्रमणकालीन न्याय सम्पादन गर्ने भनिएको थियो १८ वर्षमा पनि सहमति जुटेन । पीडितहरू छटपटीमा छन्, कति मरिसके । क्रान्तिको डिङ हाँकिन्छ, लोकतन्त्र भनिन्छ, नागरिक पूजा हुँदैन । नागरिकलाई अन्याय गरिन्छ ।

लोकतन्त्र : नयाँ नेपाल ग्रहण लागेको कलखण्ड भयो । दिउँसै अँध्यारो छ, सर्वत्र अन्यायमात्र देखिन्छ ।

जुलियस सिजरले भनेका थिए- हामीले कोहीसँग डराउनु पर्दैन, केवल भयसँग बाहेक । सर्वसाधारण अहिले पनि डरले चाउरिएर बाँचेका छन् । राजनीतिक भागबण्डामा न्यायाधीश नियुक्त हुने यस्तो देशमा कानुनी राज्य चल्छ, पीडकले दण्ड पाउँछ र पीडितले न्याय पाउनेछन् भनेर विश्वास गर्न सकिन्न । जिवन्त छैन देश ।

उज्यालो जीवन हो, उज्यालो छैन । नीति र नैतिकता तुहिदै गएका छन् । कुराले ठिक्क, कार्य निष्पट्ट, यस्तो सरकार घातक हो, राष्ट्र र जनताले नेतृत्वको घात कति सहने ?

प्रत्येक नेता सत्ता र शक्तिको शिखरमा पुगे, बिजयोत्सव लोकले मनाउन पाएनन् । यिनीहरू चुकमाथि चुक गर्दै गए, अव त आकाशतिर फर्केर थुक्न थाले । नतिजा यिनीहरूको मुहार कुहिगन्धे देखिन्छ । यिनको दुर्गन्धले लोकतन्त्र नै दुर्गन्धित भइसक्यो । प्रश्न उठेको छ- पार्टी र नेताहरू कति देशभक्त, कति स्वाधीन, कति राष्ट्रवादी ? पराधिनता मन पराउनेलाई स्वराज मन पर्दैन ।

नेपाली राजनीतिका विवेकी नीतिकार, स्वार्थी नेतृत्वतहलाई एउटा सुझाव छ- कृष्णलालको मकैको खेती पढिदिनोस् । डम्बर शमशेर थापाले पद्म शमशेरलाई चिठी लेखेर भनेका थिए- प्रजातन्त्रको बाढीले राणा शासन बगाउन सक्छ । नभन्दै राणा शासन प्रजातन्त्रले बगायो । त्यो इतिहास पढे नेतृत्वपंक्तिको विवेकको बिर्को खुल्नेछ- सुकुलगुण्डे लोकतन्त्र मान्नेहरूको मसलतन्त्र र लम्पसारवादले राष्ट्रको सार्वभौमिकता बाँच्दैन, घृणामात्र बढ्छ । यो लोकतन्त्रलाई यिनकै कुचरित्रले बगाउने छ । यिनको राजनीतिको बिनासलीला यिनले आफ्नै आँखाले देख्नुपर्नेछ । छिमेकी मुलुकहरूमा पनि यसका उदाहरण देखिएका छन्, चेत खुलोस् ।



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# लिपुलेक प्रकरण : बाघको छालामा स्यालको रजाई



डा. केशव देवकोटा

*भारतले लिपुलेक हुँदै चीनको मानसरोबरसम्म जोड्नेगरी सडकसमेत निर्माण सम्पन्न गरिसकेको छ । अब सोही सडकमार्फत चीन र भारतबीच व्यापार तथा आवत-जावत हुनासाथ नेपाल र चीनबीचका व्यापारिक नाकाहरु अर्थहीन हुने देखिएका छन् । घटनाक्रमहरुलाई हेर्दा चीनले ६० बर्षअघिनै लिपुलेक क्षेत्र नेपालको भएको कुरालाई स्वीकार गरिसकेको पाइन्छ । टिंकर तथा कालापानी आसपासमा नेपाल र चीनबीच त्यतिबेलानै एकनम्बर सीमास्तम्भ स्थापना गरिसकिएको थियो । त्यसभन्दा कम्तिमा ३० किलोमिटर पश्चिमतर्फ शून्य नम्बरको सीमा स्तम्भ हुने कुरा उपरोक्त तथ्यले प्रमाणित गरिसकेको अवस्था हो । हाल आएर लिपुलेक क्षेत्रहुँदै भारतसँग व्यापारिक नाका खोल्ने संझौतागर्दा चीनले नेपाल र आफ्नो सीमाको शून्य नम्बर स्तम्भ कहाँ पर्छ ? भन्ने कुरालाईसमेत ख्यालगरेको देखिएन ।*




नेपाली उखाननै छ बाघको छालामा श्यालको रजाइँ । नभन्दै नेपालमा यहाँका शासकहरुको नालायकिका कारण त्यस्तै हुनथालेको छ । नेपालका हरक्षेत्रमा विदेशीहरुले रजाइँगर्न थालेका छन् । नेपालीहरु आफ्नै देशमा आप्रवासीजस्तो हुँदै जानुपरेको छ । युगौंदेखि नेपालको रहँदै आएको सुदुर पश्चिमको लिम्पियाधुरा र लिपुलेकमा यसअघि छिमेकी भारतले रजाइँगर्दै आएको थियोभने अब आएर अर्को छिमेकी चीन पनि थपिएको छ । उक्त क्षेत्रको जमिन नेपालको नक्शामा समेटिएको छ । त्यहाँको स्थानीय प्रशासन भारतले चलाउँदै आएको छभने त्यहाँ बिभिन्न किसिमका परियोजनाहरुको सञ्चालन र निर्माणका कामहरु पनि हुनथालेका छन् । अब भारत र चीन दुबै मिलेर त्यस क्षेत्रमा तीर्थयात्री आवत-जावत केन्द्र बनाउने निहुँका संयुक्त शासन शुरुगरेको देखिएको छ । जसलेगर्दा नेपालको सो क्षेत्र सदाका लागि टाउको दुखाईको बिषय हुनेभएको छ । भारत र चीनले नेपाली भूमि लिपुलेक प्रयोग गर्न गत डिसेम्बर १८ मा चीनको बेइजिङमा एक संक्षिप्त बैठक गरेर आपसी सहमति गरेका छन् । नेपालसँग सरोकार नराखेरै दुई देशले नेपाली भूमि प्रयोगगर्ने सम्झौता गरेको समाचार बाहिर आउँदा नेपालको बर्तमान सरकारले भने भारत र चीनबीच भएको पछिल्लो सहमतिले नेपाललाई कुनै प्रभाव नपार्ने निष्कर्ष निकालेको छ । गतसाता मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निष्कर्ष निकालेको सरकारका प्रबक्ता तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रेस ब्रिफिङमा बताउनु भएको हो । बेइजिङमा आयोजित उक्त कार्यक्रममा चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय सुरक्षा सल्लाहकार अजित डोभलबीच मानसरोवर यात्राको शुरुवातगर्ने विषयमा सहमति भएको थियो । भारतीय तीर्थालुहरु लिपुलेकहुँदै कैलाश यात्रागर्ने उक्त सहमतिमा उल्लेख छ । नेपाल सरकारका प्रवक्ता गुरुङले उक्त सहमति दुई देशबीचको प्राविधिक विषयमात्र भएको र यसले नेपालको स्वाधीनतामा आँच नपुऱ्याउने बताउनु भएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय सुरक्षा सल्लाहकार अजित डोभलबीच लिपुलेकका विषयमा जुन सहमति भएको भनिएको छ । त्यसले नेपालको स्वाधीनता र नक्सामाथि प्रभावपार्ने स्पष्ट छ । नेपाली भूमि लिपुलेकलाई तीर्थयात्रु आवत-जावतको केन्द्र बनाउन भारत र चीनबीच सहमति भएको भारतको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमासमेत उल्लेख गरिएको पाइन्छ । कोरोनाको महामारीका कारण सन् २०२० देखि रोकिएको कैलाश-मानसरोवर तीर्थयात्रु आवागमनलाई पुन: निरन्तरता दिने सहमति भएको उनीहरुको भनाई छ । उनीहरुको सो भनाईले सन् २०२० अघिदेखिनै उक्त क्षेत्र चीन र भारतले उपयोग गर्दैआएको स्पष्ट हुन्छ । भारत र चीनका विशेष प्रतिनिधिहरु (एसआर)को २३ औं बैठकमा भएका सहमतिका आठवटा बुँदाहरुमा सीमा क्षेत्रमा शान्ति र अमनचयनको व्यवस्थापनको निरीक्षणगर्न र सीमा बिवादको निष्पक्ष, तार्किक र पारस्परिक स्वीकार्य समाधानको खोजीगर्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति सी जिनपिङबीच हालै कजानमा भएको बैठककाक्रममा भएको निर्णयअनुसार यी दुई देशबीच बैठक भएको भनिएको छ । त्यसैगरी सीमा बिवादको समाधानका लागि निष्पक्ष, तार्किक र पारस्परिक स्वीकार्य ढाँचाको खोजीगर्दै समग्र द्विपक्षीय सम्बन्धको राजनीतिक परिप्रेक्ष्य कायम राख्नुपर्ने महत्वलाई एसआरहरुले दोहोऱ्याएको र थप जीवन्तता प्रदानगर्ने संकल्प गरेको भनिएको छ । त्यसैगरी सन् २०२० मा भारत-चीन सीमा क्षेत्रको पश्चिमी सेक्टरमा बिवाद उत्पन्न भएपछि एसआरको उक्त पहिलो बैठक भएको भनिएको छ । जसमा एसआरहरुले सन् २०२४ को अक्टोबरमा भएको नवीनतम डिसइन्गेजमेन्ट सम्झौताको कार्यान्वयनलाई सकारात्मकरुपमा पुष्टि गरेको र त्यसको परिणामस्वरुप सम्बन्धित क्षेत्रहरुमा गस्ती र चरन भएको पनि भनिएको छ । त्यसैगरी सो सहमतिको पाँचौं बुँदामा दुवै एसआरले भारत-चीन द्विपक्षीय सम्बन्धको समग्र विकासका लागि सीमा क्षेत्रमा शान्ति र स्थिरता कायमगर्ने कुरामा जोड दिएको छ । सीमासम्बन्धी मुद्धाले द्विपक्षीय सम्बन्धको सामान्य विकासलाई रोक्न नपाओस् भनेर भूमिमा शान्तिपूर्ण वातावरण सुनिश्चित गर्नपर्नेमा पनि जोड दिएको देखिएको छ । सन् २०२० को घटनाबाट सिकेका कुराहरुलाई ध्यानमा राख्दै उनीहरुले सीमामा शान्ति र स्थिरता कायम गर्न र प्रभावकारी सीमा व्यवस्थापनलाई अगाडि बढाउन बिभिन्न उपायहरुका बारेमा छलफल गरेको भनिएको छ । जसका लागि कूटनीतिक, सैन्य संयन्त्रको प्रयोग, समन्वय र मार्गदर्शन गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी छैठौं बुँदामा द्विपक्षीय, क्षेत्रीय र पारस्परिक हितका विश्वव्यापी विषयमा एसआरले बिचार आदान-प्रदान गरेको कुरा उल्लेख छ । उनीहरुले कैलाश मानसरोवर यात्रा पुन: शुरुगर्ने, सीमापार नदीहरुको तथ्यांक आदान-प्रदानगर्ने र सीमा व्यापारलगायत सीमापार सहयोग र आदान-प्रदानका लागि सकारात्मक दिशानिर्देशहरु प्रदान गरेको भनिएको छ । क्षेत्रीय र विश्व शान्ति र समृद्धिका लागि स्थिर, पूर्वानुमानयोग्य र सौहार्दपूर्ण भारत-चीन सम्बन्धको महत्वमा उनीहरु सहमत भएको भनिएको छ । सातौं बुँदामा एनएसएले जनवादी गणतन्त्र चीनका उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गरेको उल्लेख छ । त्यसैगरी आठौं बुँदामा एनएसएल वाङ यीलाई एसआर बैठकको अर्को चरणको आयोजना गर्न पारस्परिकरुपमा सुविधाजनक मितिमा भारत भ्रमणको निम्तो दिइएको उल्लेख छ । यसरी नेपालका छिमेकी चीन र भारतले आपसमा सीमाकाबारेमा बिभिन्न खालको सहमतिगर्दा उक्त जमिन नेपालको भएको र नेपालको नक्शामा रहेको बिषयलाई संझनासमेत गरेका छैनन् । जसलेगर्दा नेपालको अस्थित्वलाईसमेत उनीहरुले स्वीकार नगरेको देखिएको छ । त्यस्तो सहमति भएलगत्तै कम से कम नेपालले दुबै देशलाई स्मरण गराउँदै कुटनीतिक नोट भएपनि दिएको हुनुपर्दथ्यो । भारत र चीनबीच ०७१ सालमै लिपुलेकका बारेमा संझौता भएको थियो । त्यतिबेला जनस्तरबाट आवाज उठ्दा कतिपय चिनियाँ अधिकारीहरुले नेपालले औपचारिक पत्रमार्फत बिरोध गरेको खण्डमा पुन: बिचारगर्न सकिने भनेका समाचार बिवरणहरु बहिर आएका थिए । त्यतिबेला पनि नेपालको प्रधानमन्त्रि केपी ओलीनै हुनुहुन्थ्यो । तर त्यतिबेला पनि कुनै लिखित बिरोध गरिएको थिएन । त्यही संझौताको आडमा भारतले लिपुलेक हुँदै चीनको मानसरोबरसम्म जोड्नेगरी सडक सम्पन्न गरिसकेको छ । अब सोही सडकमार्फत चीन र भारतबीच व्यापार तथा आवत-जावत हुनासाथ नेपाल र चीनबीचका व्यापारिक नाकाहरु अर्थहीन हुने देखिएका छन् । घटनाक्रमहरुलाई हेर्दा चीनले ६० बर्षअघिनै लिपुलेक क्षेत्र नेपालको भएको कुरालाई स्वीकार गरिसकेको पाइन्छ । टिंकर तथा कालापानी आसपासमा नेपाल र चीनबीच त्यतिबेलानै एकनम्बर सीमास्तम्भ स्थापना गरिसकिएको थियो । त्यसभन्दा कम्तिमा ३० किलोमिटर पश्चिमतर्फ शून्य नम्बरको सीमा स्तम्भ हुने कुरा उपरोक्त तथ्यले प्रमाणित गरिसकेको अवस्था हो । हाल आएर लिपुलेक क्षेत्रहुँदै भारतसँग व्यापारिक नाका खोल्ने संझौतागर्दा चीनले नेपाल र आफ्नो सीमाको शून्य नम्बर स्तम्भ कहाँ पर्छ ? भन्ने कुरालाईसमेत ख्यालगरेको देखिएन । खासमा सो परिघटना ०६३ पछि नेपालको शासन सत्तामा आएका माओवादी केन्द्र र नेपाली कांग्रेसलगायतले चीनलाई एक्ल्याउने प्रयासको परिणाम हो ।

०७८ असारमा नेकांका सभापति शेरबहादुर देउवाको नेतृत्वमा संसद बाहिरै गठन भएको माओवादी केन्द्रसहितको सरकारले त हुम्लामा चीनले सीमा मिचेकोभन्दै ब्यर्थैको बिवाद झिकेको थियो । यद्यपि छानविन समितिले त्यसलाई गलत साबित गरिदियो । त्यसैगरी नेकां, एमाले र माओवादी केन्द्रले चीनको बिरोधका बाबजुद ०७८ फागुन १५ गते नेपालको संसदबाट सैन्य रणनीतिमा आधारित बिवादास्पद अमेरिकी योजना एमसीसी पारित भएको नाटकीय घोषणा गरेका थिए । गतबर्ष माघको पहिलो साता आएको चिनियाँ प्रतिनिधिमण्डलले त खुलेरै नेपालले चीनलाई एक्ल्याउन खोजेको अभिब्यक्ति दिएको थियो । जतिबेला नेपालमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार थियो । सो सरकारले चिनियाँ नेताहरुको भनाईको प्रतिवादगर्न सकेको थिएन । नेपाल र चीनबीच सन् २०१७ मा भएको बीआरआई संझौतालाई तत्कालीन दाहाल नेतृत्वको सरकारले टार्ने काम गरेको थियोभने बर्तमान सरकारले बिवादमा पार्ने काम गरेको छ । अब आएर चिनियाँ पक्षले खुलेरै नेपालको बिपक्षमा निर्णयगर्न थालेको देखिएको छ । गतसाता चीन र भारतकाबीचमा बेइजिङमा भएको लिपुलेकसम्बन्धी संझौता त्यसैको परिणति हो । यसरी ०६३ पछि सत्तामा आएकाहरुले भारत र अमेरिकासँग मिलेर नेपालको अस्थित्वलाई नै समाप्त पार्ने खालका जुन काम गरिरहेका छन्, त्यो अत्यन्त गंभिर बिषय हो । चीन र भारतबीच गतसाता लिपुलेकका बारेमा भएको सहमतिको सामान्य बिरोध पनि नगर्ने हो भने यो सरकार सत्ता र शक्तिमा रहिरहनुको कुनै अर्थ छैन ।

# साहित्यिक यात्रामा सम्मानको महत्व



सुरेशकुमार पाण्डे

साहित्य क्षेत्रमा पनि राजनीतिकरणले प्रश्रय पाएको छ । यसकारण सम्मानमा पनि आफ्ना र पराया छुट्याउने परिपाटी विकास भएको छ । यस्तो कार्यमा सरकार, पार्टी, स्वयम् साहित्यकारहरूसमेत आस्थाका आधारमा ध्रुव ध्रुवमा जोडिएका छन् । वाङ्मय विकास र साहित्यिक सम्मानको ओज र ओजन घट्दै गएको छ ।

सम्मान कसले पायो भन्ने वित्तिकै कसले दिलायो, दियो भन्नेसम्मका अर्थ निकाल्न सकिन्छ । यो भनेको योगदानमा आधारित होइन भन्ने बुझिन्छ ।

अचेल मिडियामा सम्मानका खबरहरू लगातार आइरहँदा यसबारेमा केही भनौं-भनौं लाग्यो र यसैको बारेमा सटिकमा केही लेख्दै छु ।

सम्मानको अर्थ हो जसले राम्रो काम गरेको हुन्छ उसलाई एकप्रकारको उर्जा थप्नु । त्यो काम कुनै पनि सँग संस्था संगठन जसले गरेपनि त्यो निश्पक्षीय रूपमा उक्त व्यक्तिको प्रतिभाको कदर गरेर उसलाई हौसला दिनु नै हुनुपर्छ ।

एउटा कलाकार, साहित्यकारलाई सम्मान् गरिन्छ भने उसको कला, गला प्रतिभा, सँगै उसले प्रदर्शन् गरेको रचनाले कस्तो खालको समाजमा संदेश दिएको छ । देश र जनताको मर्म अनुसार छ कि छैन । त्यसलाई गहन रूपमा अध्ययन गरेर पुरस्कृत गर्नुपर्छ ताकि उसले गरेको काममा अंझ प्रभावकारी बनाउँन उसलाई उर्जा प्रदान हौस् ।

त्यो उसलाई गरेको सम्मानले कलाकार वा साहित्येकार, लेखक वा राजनीतिज्ञ जोसुकै भएपनि ऊ आफ्नो कर्तव्यबाट बिमुख नहौस् र झनै धारिलो बनेर आफुले गर्दै आएको कामलाई अंझ दरीलो छोप्न सकोस् । अडान राख्न सकोस भनेर दिएको स्याबासी नै हो ।हामीले समय समयमा कलाको क्षत्रमा यसतो प्रकारको योजना बनाउनै पर्छ ताकी नव प्रतिभाहरू यसबाट प्रभाबित हौन् र संसारमा आफ्नो प्रतिभाले राष्ट्रलाई चिनाउँन निर्धक्क अगाडी बढुन् ।

तर अहिले हाम्रो देशभित्रको अबस्था राम्रो भन्दा हाम्रोलाई बढी प्राथमिकता दिइने चलन बसेकोछ । कतै राजनीतिक दवाबमा वा उनिहरूका आसेपासेलाई खुसी पार्ने उदेश्यले हौस् वा कुनै संस्थाभित्रका सदस्यहरू जहाँ जस्को चलेको हुन्छ उनीहरूले चलाएकै हुन्छन् । यो पनि कताकती आलोपालो आपसमा बाँडेर खाने चलन बस्नथालेको भान हुन्छ ।हुन त हामि कुनैपनि व्यक्ती राजनीतिबाट अछुत् छैनौं तर साहित्यमा पनि अवसरबादी राजनीति घुसेको देखिन्छ ।

पुरस्कारले नत कहिले कसैको घर बन्छ न आर्थिक पुरा हुन्छ । यो त एकप्रकारको व्यक्तिलाई प्रोत्वसाहान दिएर उसको कलालाई सम्मान गर्ने र उसलाई जिम्मा दिनुका साथै अग्रज बाट अनुजलाई राम्रो कामकालागि परेणा मिलोस् भनेर दिइने सम्मान् पनि हो ।

कुनैपनि अक्षकोष दाताले कुनै गलत व्यक्तिलाई आफ्नो योगदान दिएर भ्रष्टाचारलाई बढावा दिन चाहेका त हुँदैनन् । उनीहरूले अक्षकोष स्थापित गर्नुको पछाडी साहित्य सिर्जनामा टेवा मिलोस् र आफ्नाहरूको नाम सम्झना सदियौं सम्म जीवित राख्न सकियोस् भन्ने उदेश्यले सक्दो धनरासि जम्मा गरेका हुन्छन् ।

आफ्नाहरूलाई समाजमा जीवित राख्न राम्रो श्रोत ठानेर आ आफ्ना बाल बच्चाको पेट काटेर सङ्कलन गरेको धनरासी अक्षकोषमा स्थापित गरेका हुन्छन् ।

त्यसबाट धेरै प्रकारका फाइदा हुनसक्छन् तर मुख्यतया दुई प्रकारका फाइदा हुन्छन् । पहिलो फाइदा माथि भनेको जस्तै प्रतिभा सम्मान् आर्को आफन्तीलाई अमर राख्नमा मदत् हुन्छ ।

साहित्यिक् क्षेत्रमा सम्मान र प्रोत्वशानको अहं भूमिका हुन्छ । साहित्यिक यात्रा यस्तो यात्रा हो जहाँ कुनै सिआइडी पुग्न सक्दैन् त्यहाँ साहित्यकार पुग्छ । कहावत नै छ 'जहाँ रवी पुग्न सक्दैन त्यहाँ कवी पुग्छन् ।' साहित्य कला गीत सङ्गितको माध्यायमबाट मानिस दृघारोगीको समेत उपचार हनसक्छ । औषधी उपचारले निको नभएको साहित्यिक गतिबिधी द्वारा उपचार सम्भव भएको देखिन्छ ।

साहित्य कलाले आफ्नो देशलाई संसारमा चिनाउँन सक्छ । साहित्ये कला देशको मनोरञ्जन्, कुनै पनि देशको पहिचान हो । त्यसकारण साहित्यकारहरूलाई राज्यले सहयोग र संरक्षण पनि गर्नुपर्ने हो । हाम्रो देशभित्र यो क्षेत्रमा खासै सरकारको ध्यायन पुगेको देखिदैन । उनीहरूको आ आफ्नै पदप्रतिष्ठाको रन्कोबाट फुर्षदनै हुँदैन । बाजारमा पुगेका साहित्यकारका पसिनाका पोका रद्दी बनेका हुन्छन् ।

बरू समाजसेवक कलाप्रेमी साहित्ये प्रेमिहरूले केही अक्षकोष दाताहरूबाट उनिहरूलाई वेला बखतमा झिना मसिना सम्मान् गरेर उनीहरूको योगदानमा थोरै भयपनि उर्जा थप्ने काम हुँदै आएको देखिन्छ । यो आँशिक रूपमा भयपनि सकारात्मक बिषय हो ।

तर केही वर्ष यता पुरस्कारको पनि अन्धाधुन्द् भिड हुनथालेको छ । वर्ष वर्षमा हुँने पुरस्कारहरू र पुरस्कार प्राप्त गर्नेहरू लगभग त्यही घेराभित्रका हुनेगर्छन् । जहाँ आलोपालोको छनक् आएको देखिन्छ । सम्मान् भनेको यती हलुको पनि हुनुहुँदैन । बरू सम्मानित गरूङ्गो र सम्मानित व्यक्ति अत्यान्तै प्रभावशाली प्रगतिवादी हुनुपर्छ । कम्तिमा उसको बिचार वा प्रतिभाले सामाजलाई राम्रो बाटो देखाउन सकेको र देशलाई गुन लगाएको महान व्यक्तित्व हुनुपर्ने हुन्छ । सम्मान् कसैलाई खुसि पार्न हुनुहुँदैन् सम्मान् त वास्तविक रूपमा सम्मान हुनुपर्छ । सम्मानित व्यक्ती सामाजिक काममा अब्बल दर्जाको हुनुपर्छ । प्रगतीसिल क्षेत्रमा त यसको भूमिका अत्यान्तै बिशिष्ट प्रकारको हुनुपर्छ । वर्तमान समाजलाई बदल्न उठाएको दरिला पाइलाहरू नै प्रगतिका पथ हुन् । उनीहरूमा देश र जनताको लागि ओहरात्रि खटिएर शंघर्षरत हुने अठोट र आंट हुनुपर्दछ । नयाँ-नयाँ खोजमूलख लेख रचना र आबिस्कारक हुनुपर्छ ।

तर अचेल कताकती प्रगतिसिलको अर्थ छुट्टैप्रकारको लगाउँन थालेका छन् ।

राजनीति पार्टीहरूले मिलेर प्रगतिसिल संगठनको निर्माण गर्ने र उनिहरूकै इसारामा मान तथा सम्मान् गर्ने गर्नथालेको देखिन्छ । अहिले जहाँ साहित्यिक क्षेत्रमा पनि अवसरबादी राजनीति घुसेको छ । त्यो बुद्धिजिवी क्षेत्र होस्,साहित्यिक क्षेत्र होस् आज राजनीतिबाट कुनैपनि निकाएं अलग र अछुतो भए अपवाद नै होला । यस्तो अवस्थामा वास्तबिक रूपमा पुरस्कार पाउनैपर्नेहरू पुरस्कारबाट वंचित हुनपुगेका देखिन्छन् ।

पुरस्कारलाई व्यवस्थित गरेर जानुपर्ने अहिलेको जल्दोबल्दो अबस्था हो । लेख रचना लेख्नु समाजलाई नयाँ दिशामा डोराउँनु र प्रगतिको पथमा लम्किनु हो । समाजमा रहेका कुसंस्कार कुरितीहरूलाई पन्छाएर नौलो समाजको निरमाण गर्नु हो । लेखकको काम महंगी भ्रष्टाचार लगायतका रोग देखाउँनुमात्र होइन तिनीहरूको समाधान खोज्नु र निरोगि समाज निरमाण गर्नुपनि हो ।

राजनीति पार्टीहरूले वुद्धिजिवीलाई झोले, लेखक पनि झोले पत्रकारहरू पनि उनैका झोले बनाएकाछन् । यस्तो अवस्थामा राजनीति पार्टी ज्वाइन नगरेको व्यक्तीलाई कसले चिन्ने र सिवारिस गर्ने ?यस्तो परिस्थितीमा सर्व साधारण नगरिक समाजबाट आएका शंघर्षशील व्यक्तीको अबस्था कस्तो होला ? उनीहरूलाई सम्मान संघर्षको बदलामा बौलाह भनेर सराप्ने काम हुनसक्छ ।

अहिलेको अबस्थामा सबै चिजमा राजनीतिकरण हुँदै आएको छ । यहाँ सम्म की प्रेम,इष्टमित्र, न्याय सबैलाई राजनीतिको तराजुमा जोख्न थालियो । मानसम्मान् भनेको राजनीतिकै चौखटमा दफ्नाइयो । पहिले लेखक ,बुद्धीजिवी , कलाकार, खेलाडी देशको लागि प्रतिस्प्रधा गर्थे तर अहिलेको अवस्था छुट्टै छ । त्यो पुँजिको लागि पदको लागि र प्रतिष्ठा महत्वकंक्षी उदेश्यको पुर्तिका लागि गरिन थालियो । यस्तो सामाजिक अवस्था र परिवेशमा सम्मान् कसले पाए किन पाए र कसरी सम्मानका लागि छनोट भए त्यो प्रष्टै हुन्छ । माथि जे भनिए पनि अँझै पनि सिमित भएपनि कतिपय सँग संस्थाले इमानदार साहित्यकारहरूलाई सम्मान् गरेर लेखनमा हौसला दिएका पनि छन् ।

त्यस्तो उनिहरूको व्यवहार स्वागतयोग्य छ भनेर भन्न सकिन्छ । कुनै राजनीतिक पार्टीको सिफारिसमा हुने सम्मान भनेको राष्ट्रिय सम्मान् हुनसक्दैन ।त्यो सम्मान उक्त व्यक्तिलाई उही पार्टीले दिएको हो भनेर बुझ्नुपर्छ । जुनसुकै संगठन संस्थाले दिएपनि सिफारीस कर्ता उसैको राजनीति पार्टी हुने भएकोले त्यो स्वतन्त्र प्रकारको सम्मान् हुने कुरा नै हुँदैन । ति संस्थाहरूपनि राजनीतिक पार्टीको दवाबमा आएका हुन्छन् ।

लेख रचना भनेको देश र जनताको हितमा न्यायको पक्षमा हुनैपर्छ ।

राजनीतिक पार्टीले सम्मानको लागि सिफारिस गर्नै हुँदैन भन्न खोजेको पनि होइन ।उनिहरूले सम्मान् योग्य जुनसुकै राजनिति भित्रको वा बाहिरको व्याक्तिको लागि पार्टीको माध्यायम बाट सुझाव सल्हा दिन पाए ।तर दिनैपर्छ भनेर आदेश जारी गर्नु भने ठिक होइन ।बरू राष्ट्रिय लेबलको वा आयोजक संगठनहरू आफैले उनिहरूको प्रतिभाको मूल्यांकन गरेर सम्मान् गर्ने बातावरण बनाउँनु पर्छ भन्ने मलाई लाग्छ । सम्मानको पनि बिस्तारै दुरूपयोग हुनथालेको अवस्था हाम्रो साहित्यिक क्षेत्रमा मात्र होइन अपितु समाज र देशको लागि सङ्कटको बिषय हो ।

*In the context of the fourth Bhaktapur Festival promoting culture, heritage and tourism management*

# A landmark in the history of Bhaktapur Municipality with six different languages of Bhaktapur Brochure



By Uttam Karmacharya

**1. Preface of Festival in Bhaktapur**

While going through the latest souvenir of Bhaktapur Municipality Bhaktapur festival 2024 , the congratutions message of Honorable Prem Suwal , member of the House of Representatives of Nepal, I am very happy to know that for the first time Bhaktapur Municipality organized Bhaktapur Festival on October 6-10 in 1997.

Secondly , Bhaktapur Municipality organized an International Conference on Culture, Heritage and Tourism Management from 08-16 April in 2000 at the compound of Engeenening College Dekochaa.

Thirdly , Bhaktapur Municipality organized " A road Festival in co-organization with Bhaktapur Chamber of Commerce and Industry (BCCI)and incooperation of other institutions on September 22 in 2011. With the accumulation of valuable experience and information of past painstaking efforts and education, this year Bhaktapur Municipality organized Bhaktapur Festival 2024 from December 13- 17 to reinforce more impetus for the promotion of cultural heritage conservation and tourism industry in Kathmandu Valley with 32 declared attractions sites of the festival and many co- attractions without the Municipality of Bhaktapur. Now a days Bhaktapur Is very renown and popular to every body both in country and abroad better than me . Even then The writer is trying to know in very short about Bhaktapu and Bhaktapur Municipality for this article purpose in very short .

**2. Bhaktapur Bhaktapur** (Nepali and Sanskrit: - Bhaktapur pronounced . "City of Devotees"), known locally as **Khwopa** (Nepal Bhasa: *Khvapa*) and historically called **Bhadgaon**, is a city in the east corner of the Kathmandu Valley in Nepal located about 13 kilometres (8.1 mi) from the capital city, Kathmandu. Bhaktapur is the smallest city of Nepal as well as the most densely populated. Along with Kathmandu and Lalitpur, Bhaktapur is one of the three main cities of the Kathmandu Valley and is a major Newar settlement of the country. The city is also known for its Newar tradition, cuisine and artisans. Bhaktapur suffered heavy damage in the April 2015 earthquake.

**(There are three sister cities in Katmandu Valley : Bhaktapur ; Kantipur and Lalitapur. Now in Bhaktapur District t here are only four Municipalities without any other Village Municipal ( Gaaupalikaas) .**

Compared to other Newar settlements, Bhaktapur is predominantly Hindu and speaks a distinct dialect of Nepal Bhasa. Bhaktapur is one of the most visited tourist destination of Nepal with the city attracting 301,012 tourists even in 2014 tenyears back . The Nyatapola, a five roofed pagoda completed in 1702 is the most famous structure of Bhaktapur and along with the former royal palace, it forms the tourism center of Bhaktapur. The city is also famous for its numerous festivals and carnivals like the spring festival of Biskā jātrā and the carnival of Sāpāru (or Gai jatra) both of which are significant part of the local culture and contribute well to tourism. Bhaktapur is also called the "**Capital of Music and Dance"** in Nepal due to presence of over 200 types of traditional dances, most of which are masked dances and expect for a few, are a part of the annual carnival of Sāpāru (or Gai jatra). It is also famous for its cuisine with the *jūjū dhau*, a type of yogurt made from buffalo milk being the most popular. Bhaktapur's potters and handicraft industries are also known nationwide. Due to its well preserved medieval nature, UNESCO inscribed Bhaktapur as a World Heritage Site since 1979.

3.Bhaktapur Festival 2024

Bhaktapur Festival 2024 Attraction

***1. Cultural Performance :***



Bhakatpur Festival will experience diverse cultural performances that celebrate the rich heritage and vibrant traditions of Newar community. The Traditional Cultural performances promises a captivating showcase of traditional dances such as Devi dance, Bhaila Dance, Lakhe Dance,Maka Pyakhang, etc, bringing together the essence of our cultural diversity telling its own unique story through colorful costumes, intricate steps, and music. Along with these, enjoy a range of other traditional Music such as Dha, Dhime, NauBaja,Basuri, Gunla etc from across regions. *Cultural Performance take place in Layaku, Kwathandau, Dattatraya and Taumadhi . This is an Festival not just to watch but to immerse yourself in a celebration of cultural pride, heritage, and unity.*

***2. Nagara Badan :***

Experience the thunderous and captivating beats of the traditional Nagara Drum at this special event! The Nagara, known for its deep resonance and historical significance, will take center stage as skilled drummers demonstrate the power and artistry of this iconic instrument. Visitors will have the rare opportunity to witness live performances that showcase the rhythmic precision, energy, and cultural pride embedded in every beat of the Nagara. **Nagara Badan take place at Layaku, Bhaktapur.**

*3. Paubha & Photographs :*

**Paubha :** Paubha art is a traditional form of Newari religious painting originating from the Kathmandu Valley, Nepal. It is deeply rooted in Buddhist and Hindu iconography, serving as a medium for religious devotion and storytelling Created on canvas or cloth. Discover the ancient artistry and spiritual depth of Paubha Art at this unique demonstration event. Paubha, a traditional form of religious painting rooted in rich cultural heritage, depicts sacred deities, spiritual themes, and mythological scenes with intricate detail and vibrant colors. Skilled artists will guide visitors through the creation process, revealing the painstaking techniques, symbolism, and devotion that bring each painting to life. Join us to experience the profound world of Paubha, where art and devotion come together. **Pubha will take place inside the 55 window palace courtyard.**

**Photographs:** Step into the heart of Bhaktapur City with our photography exhibition, showcasing the diverse art, culture, traditions, and everyday life of this historic city. Each photograph captures the essence of Bhaktapur, from its intricate ancient architecture and sacred temples to the vibrant festivals and timeless customs that define its people. This exhibition offers a rare visual experience, connecting viewers to the spirit of the city and its rich cultural legacy. Join us in celebrating Bhaktapur's story, as told through the lenses of talented photographers who bring this city's soul into focus. **Photograph exhibition will take place in Taba sattal, Layaku, Thathubahi & kuthubahi**

**4. Art /Straw Art :**

This unique event brings together an exquisite collection of artworks and straw art, each piece celebrating Bhaktapur's deep-rooted heritage and distinctive lifestyle. Featuring handcrafted straw sculptures and traditional artworks inspired by Bhaktapur's iconic landmarks, rituals, and daily life, the exhibition showcases the city's enduring spirit through creative expression. Join us to celebrate the city's cultural identity through the hands and hearts of its artists. **Straw Art exhibition will take place in Layaku.**

**5. Traditional Dress Exhibition :**

Explore the timeless elegance of Bhaktapur City at the Traditional Dress Exhibition, where the cultural diversity and rich heritage of this historic city come alive through traditional attire. This exhibition offers visitors a unique opportunity to see an array of traditional dresses that reflect Bhaktapur's varied customs, ceremonies, and ways of life. Each garment tells a story, from the vibrant dresses worn during festivals and celebrations to the everyday attire that embodies the essence of local tradition. Join us to experience the depth of Bhaktapur's culture, as each traditional outfit invites you into the lives and legacies of the people who wear them.

**6. Food Festival :**

Embark on a culinary journey through Bhaktapur City at the Food Festival during Bhaktapur Festival, where the rich flavors and diverse cuisines of the city's cultural and ethnic groups come together in one delicious event. This festival offers visitors the chance to savor authentic dishes that have been crafted and cherished by local communities for generations. From traditional Newari feasts, Yomari, Bara, SamyaBaji Set, and flavorful lentil dishes to unique snacks and sweets, each bite reflects the heart of Bhaktapur's heritage and the traditions passed down through families. Join us to taste, celebrate, and connect with the culinary traditions that make Bhaktapur a true cultural treasure.

**7. Halimali :**

Discover the beauty and creativity of Halimali Art at this unique exhibition during Bhaktapur Festival, where fried grains(Cereals) come to life as stunning works of art. This event showcases intricate artworks crafted from a variety of fried grains such as wheat, popcorn, black soybeans, and other locally sourced seeds. Each piece represents the skill and imagination of artisans who use natural fried grains as their medium to create beautiful patterns, cultural motifs, and symbolic designs related to Hindu & Buddhist Philosopy. Visitors are invited to view these grain masterpieces up close and learn about the methods and significance behind this traditional craft. Showing Object made of diverse grains, Known as Halimali Boyegu displays our hidden talent, skill, and vigor. Join us to appreciate the extraordinary artistry that emerges from simple, natural materials and reflects the essence of our cultural roots.

**8. Traditional Musical Instrument Exhibition :**

Step into the musical City of Bhaktapur at the Traditional Musical Instrument Exhibition, an event that brings together the city's diverse traditional musical instruments for a fascinating showcase. Here, visitors can explore a range of instruments, each with its own unique sound and history. This exhibition offers a rare glimpse into the music that accompanies Bhaktapur's festivals, rituals, and cultural celebrations. Join us to experience the timeless melodies of Bhaktapur's heritage, where each instrument tells a story of tradition, celebration, and the enduring rhythm of local culture.

**9. Traditional thread dyeing :**

Experience the ancient craft of traditional thread dyeing at Bhaktapur Festival, held at multiple locations across Bhaktapur City. This unique event invites visitors to witness the intricate process of dyeing threads, an art form that has been practiced by local artisans for generations. At each exhibition site, skilled dyers will demonstrate the traditional methods of preparing natural dyes, soaking and coloring the threads, and creating the vibrant hues that Bhaktapur's textiles are known for. Join us to explore Bhaktapur's vibrant textile heritage, where each thread and color embodies the city's dedication to beauty, tradition, and cultural expression.

**10. Living Goddess Kumari Exhibition :**

Experience a rare and sacred tradition at the Divine Presence Event, where the Living Goddess Kumari of Bhaktapur City will be presented to visitors. The Kumari, a young girl revered as a living deity, embodies the spirit of the goddess Taleju and is a symbol of purity and protection in Nepalese culture. This event offers a unique opportunity to witness and honor the Kumari, who holds a special place in Bhaktapur's spiritual and cultural heritage. Join us for a profound encounter with the Living Goddess, an event that fosters understanding and appreciation for Bhaktapur's spiritual legacy.

**11. Dipankar Buddha Exhibition :**

Embark on a spiritual journey through Bhaktapur City with the Five Dipankar Buddhas Exhibition, during Bhaktapur Festival where five statues of Dipankar Buddha will be displayed at significant locations across the city. Dipankar Buddha, holds a sacred place in local traditions and is celebrated for his wisdom and compassion. Each site will showcase one of the five Buddhas, allowing visitors to experience the diverse ways in which these sacred figures are honored within Bhaktapur's unique cultural and spiritual landscape. Join us to deepen your connection with Bhaktapur's rich Buddhist heritage and embrace the spiritual serenity that these Buddhas symbolize across the city.

**12. Nawadurga Demonstration :**

Witness the powerful and captivating Nawadurga of Bhaktapur at this extraordinary event in Bhaktapur, where the traditional Nawadurga deities come to life in a rare and sacred performance. The Nawadurga are a group of nine protective deities, each embodying unique qualities of strength, protection, and divine energy. This event showcases the vibrant masks, intricate costumes, and dramatic movements that define the Nawadurga tradition, as local performers invoke the spirit of these deities through ritual dance. Join us to honor the spiritual legacy of the Nawadurga and gain a deeper understanding of their role in the cultural and religious fabric of Bhaktapur.

**13. Educational Exhibition :**

Explore the future of education and technology at the Innovation and Learning Showcase, hosted by Khwopa College and Khwopa Engineering College of Bhaktapur. Visitors can experience interactive demonstrations of engineering projects, digital learning platforms, scientific models, and innovative materials designed to enhance modern education. With a focus on practical applications, sustainability, and technological progress, the showcase provides insights into the skills and creativity cultivated at these institutions. Join us to witness firsthand how Khwopa College and Khwopa Engineering College are shaping the next generation of thinkers, engineers, and problem-solvers in Bhaktapur and beyond.

**14. Boating :**

Dive into a day of boating services across various scenic ponds and water cycling at NaPukhu Pond! This unique event invites visitors to experience the natural beauty of Bhaktapur's ponds from a new perspective. Take a relaxing boat ride on peaceful waters surrounded by lush landscapes and historical sites, or try water cycling at NaPukhu Pond for a fun, active way to explore. Whether you're looking to unwind on the water or enjoy an exciting ride, this event offers a refreshing and memorable experience for all ages. Join us for a day of leisure, exploration, and adventure on Bhaktapur's beautiful ponds!

**15. Live Demonstration of Traditional Pottery Art Production :**

Immerse yourself in the timeless craft of pottery with the Hands of Local in Bhaktapur Festival, where live demonstrations of traditional pottery art production will be held at the historic locations of Suryamadhi and Talako. Skilled potters will showcase the entire process, from shaping clay on the wheel to finishing the final details, revealing techniques that have been passed down through generations. Visitors can watch as artisans transform raw clay into beautiful, functional works of art, each piece capturing the essence of Bhaktapur's heritage. Join us to celebrate the living legacy of Bhaktapur's pottery culture, a true reflection of the city's artistry and tradition.

**16. Traditional Games Demonstration & Competition :**

Step back in time and experience the joy of traditional games at the Traditional Games Event in Bhaktapur Festival. This lively event will feature demonstrations and competitions of beloved local games held across various locations in the city, allowing visitors of all ages to participate or cheer on competitors. Engage with a rich assortment of games that have been passed down through generations, from strategic board games and skill-based competitions to energetic team activities played in open spaces. Each game reflects Bhaktapur's unique cultural identity and offers a glimpse into the everyday pastimes of the community. Join us in celebrating Bhaktapur's heritage through play!

**17. Traditional Newari Lifestyle Exhibition :**

Discover the vibrant and intricate Traditional Newari Lifestyle of Bhaktapur City at BHaktapur Festival! This immersive event, held at various culturally significant sites across Bhaktapur, offers visitors an authentic glimpse into the daily life, customs, and craftsmanship of the Newari people. Through live demonstrations, visitors can observe traditional cooking practices, pottery-making, wood carving, weaving, and festive rituals that reflect the rich heritage and values of Bhaktapur's Newar community. Join us to experience the Bhaktapur's Newari culture, where past and present harmonize to tell a timeless story of community and pride.

**18. Nau Baja Exhibition :**

Experience the rhythmic and powerful sounds of Traditional Nau Baja Music at the Echoes of Bhaktapur Festival, where Bhaktapur City's rich musical heritage takes center stage. The Nau Baja ensemble, consisting of nine traditional musical instruments, will be played and demonstrated at various locations throughout Bhaktapur, filling the city with melodies that have accompanied rituals, festivals, and ceremonies for generations. Visitors can learn about the history, significance, and unique sound of each instrument while enjoying live performances by skilled local musicians. Join us for an immersive journey of Bhaktapur Festival & tradition and feel the powerful rhythm of Nau Baja reverberate through the city's historic streets.

**19. JuJu Dhau (Yogurt) Festival :** This unique event invites visitors to taste this iconic JuJu dhau(yogurt) and witness the traditional process of crafting Juju Dhau, a beloved treat cherished for its rich flavor and cultural significance. Artisans will demonstrate each step, from heating the milk and adding the starter culture to letting the yogurt set in handcrafted clay pots, creating the thick, velvety texture that makes Juju Dhau so unique. Join us for a delicious journey into Bhaktapur's culinary heritage, and savor the King of Curds in its most authentic form.

**20. Dipawoli :**

Celebrate the enchanting Dipawali in Bhaktapur Festival as the city's sacred ponds, including Kamalpokhari, Siddhapokhari, and others, are transformed into glowing reflections of light and tradition. The ponds will be adorned with hundreds of traditional diyo lamps, their soft, flickering lights creating a serene and magical ambiance that honors the spirit of Dipawali. Each diyo represents warmth, hope, and the triumph of light over darkness, illuminating the water's surface in beautiful patterns.

**21. Exhibition of Buddhist Literature & Photos :**

Delve into the rich heritage of Buddhist Literature and Photography at this insightful exhibition in Bhaktapur Festival, where sacred texts and captivating images reveal the depth and beauty of Buddhism's influence in the region. This event brings together a rare collection of Buddhist manuscripts, scriptures, and historical documents alongside striking photographs that capture Bhaktapur's ancient stupas, monasteries, and rituals. Join us for a journey through words and images that celebrate timeless connection to Buddhism, inviting reflection and appreciation for its profound impact on local culture and spirituality.

**22. Co-operative Activities Exhibition :**

Join us for the Cooperative Expo, a vibrant event showcasing the strength and diversity of local cooperatives through a variety of stalls, interactive activities, and exhibitions. This event brings together cooperatives from different sectors, including agriculture, crafts, finance, and social services, to demonstrate their unique contributions to community development. Visitors can explore stalls featuring local products, handcrafted goods, and innovative services, each representing the cooperative spirit and skill of Bhaktapur's communities. Discover how these cooperatives are empowering communities, creating sustainable livelihoods, and fostering solidarity.

contd...The Rest is next week

# Smash And Grab

*By Sunanda Datta Ray*

But none of the guardsmen, and certainly not Captain Yongda, carried kukris when in uniform, whereas the demonstrators were all so armed. Even if the Chogyal's peaceable disposition were discounted, he was aware that the murder or wounding of a legislator, even of Kazi, would solve nothing for him, since other equally malleable politicians would be induced to continue the work. He knew too that India could extract a rich dividend from the propaganda effect of such folly. One explanation of Poudyal's undoubted injury is that it was accidentally inflicted in the fracas. Another is that he was a martyr, not to the Chogyal's cruelty, but to the machinations of those who needed just such a crime to pin on the palace and, more specifically, contd...

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# नेपाललाई व्यापार सन्तुलनमा समस्या

नेपालले चीन र भारत दुई समानदूरी मित्र भएर पनि समान ब्यवहार गर्न सकेन । त्यसलाई समान गराउन राजा महेन्द्र र वीरेन्द्रले गरेको प्रयत्न भारतलाई सह्य र ग्राह्य भएन । राजा महेन्द्रले सम बनाउन कोदारी राजमार्ग बनाउदा पनि भारतले विरोध त गऱ्यो । त्यस्कै लहैलहैमा लगेर मानब अधिकारको संरक्षकको दावेदार भनिएको अमेरिका समेतले विरोध गरेर नेपालको जायज र आन्तरिक कुरामा समेत हस्तक्षेप गरियो । सत्य र तथ्यको लागि राजा डगेनन् । नेपाल र तिब्बतको ह्लासासम्म बस यातायात चलाउने निर्णयले ठूलो उपलब्धी हासिल गरेको थियो । सो सेबाले नेपालको ब्यापार र पर्यटन दुवैलाई ठूलो टेवादिने कुरामा दुईमत हुन सक्दैन ।

सन १९९४मा दुई देश बीच भएको यातायात संझौता अनुसार संचालित सो सेवाले हाल यात्रुमात्र वाहन गरेपनि पछि भारततिर सरह माल वाहन पनि संचालन हुने आशागर्न सकिन्छ । त्यसमाथि भारततिरका २२ नाका सरह चीनतिर पनि ६ वटा ब्यापारिक नाका खोलिनु नेपालका जायज निर्णय भए पनि भारतले आदेश नपालेकोमा खिन्नता मात्र पैदा गर्दैन नेपालको नोक्सान हुने काम गर्दछ, नियतबश ।

उदार अर्थनीति र पाश्चात्य संस्कार

नेपालले इशाई संस्कार, बेलायती शासनपद्धति, संसदीय पद्धति, अङ्ग्रेजी भाषा माध्यम आदिलाई कहिल्यै स्वीकारेको थिएन । २०१८ सालसम्म अमेरिकी कुपरप्लान अनुदानमा नभित्रिएसम्म नेपालमा आफ्नै स्याहाश्रेस्ताको लेखा पद्धति थियो, त्यो उच्चकोटीको थियो । उदार अथवा पश्चिमाको भौतिक उपभोक्तावादी अर्थनीतिको आयातलाई नेपालले वि.सं. २०५० सम्म गलत ठानेर रोकेकै थियो । गैससहरूलाई प्रोत्साहन दिएको थिएन । मेकालेको शिक्षा पद्धति र म्याक्समुलरको वैदिक संस्कृत ज्ञानलाई मानेको थिएन । यी सबै कुरालाई धनी मुलुकले गरीव मुलुकलाई शोषण गर्ने माध्यम हुन् भनेर मानेको थियो । छात्रवृत्तिको प्रलोभनमा फसाएर पश्चिमी उपभोक्तावादीले नास्तिकपनको संस्कार सहित तथाकथित विद्वान् बनाएर पठाएका यसको गहिराई नबुझी गोरा महान भन्ने मेकाउलेको शिक्षा आर्जन गरेका नेपाली विज्ञले आयात गरेका हुन् ।

पौरस्थ्य संस्कारलाई महान् मान्ने नेपालीले नेपालाको सार्वभौमिकता मात्र जोगाएनन् यशियामा थप शोषण गर्नबाट पनि जोगाएका हुन् । नेपाल सदा रामराज्य शासन पद्धति, स्वतन्त्र न्यायालय, वैदिक समाजवाद, सर्वोपरि शक्ति जनतामा, धर्मपरायण शासन व्यवस्थाको पक्षमा थियो । अंग्रेजको दास भारतमा भने अङ्ग्रेजले लदाएको संसदीय व्यवस्था, मेकाउलेको शिक्षपद्धति, अङ्ग्रेजी मूलभाषा, करऐन, एक्सायज डयुटी, सेल्स टैक्स, इनकम टैक्स, टोलटैक्स, घरजग्गा र सम्पत्तिकर, संस्थानकर, गाउँ नगर र प्रान्त कर, धर्मजातका अलगअलग कानुन, इत्यादि अङ्ग्रेजले सन १९३५ देखि लदान गरेका थिए । त्यसलाई पाको बनाउन लर्ड माउन्टबेटम थप एकवर्ष भारतमा बसेर नेहरूलाई ग्रुम गरेका थिए, त्यही नेहरू डक्ट्राइन भनिन्छ । भारतमा पढेलेखेका नेपालका राजनीति नेता नेहरूका चेला हुन् । तिनले नेपालमा लदान गरेका हुन् । गिरिजा प्रमन्त्री भएदेखि उदारअर्थनीति भित्रियो । पश्चिमी प्रभाव बढेको हो, गलत संस्कार बढ्यो, नेपाल विपन्नतरबाट बिपन्नतम हुँदै गएको छ ।

भारत राजनीति बाहेक अरू कुनै क्षेत्रमा स्वतन्त्र भएको छैन । अपनत्व गुमाएको छ । नेपालको अर्थ क्षेत्रमा भारतयि हस्तक्षेप ठिक अङ्ग्रेजले भारतमा गरेको जस्तो छ । पारवहन-व्यापारमा ठूलो हस्तक्षेप गरेकोछ । नेपालले वाञ्छित रूपमा पारवहन सुबिधा नपाएकोले आयात र निर्यात गर्नँपर्ने बस्तुमा ४० देखि ६० प्रतिशतसम्म महंगो पर्ने गरेको छ । यसले व्यापार विफल हुनुमा ठूलो भूमिका खेलेको छ ।

भूपरिवेष्ठित नेपालले विश्वसँग व्यापार सम्पर्क राख्न भारतको कोलकत्ता बन्दरगाह मात्र एउटा पारवहन द्वार प्रयोग गर्न पाएको छ । कोलकत्ता बन्दरगाह समस्यै समस्याले भरिएको बन्दरगाह हो । यही मात्र एउटा प्रमुख कारण हो जसले गर्दा नेपालको व्यापार फष्टाउन सकेको छैन । त्यसकारण नेपालले विकल्प राजमार्गको खोजी गऱ्यो । अनेक प्रस्ताव राख्यो तर बोकोको मुखमा कुभिण्डो हुने गरेर भारतले मुम्बै बन्दरगाह देखाइदियो । नेपालले फूलवारी-मोङ्लाबन्द पारवहन मार्गको प्रस्ताव राख्यो । बंगलादेशले नेपालले चाहे सरह सबै सुविधा प्रदान गर्न मन्जूर गऱ्यो, सडक मर्मत गरिदियो, आवश्यक कर्मचारीको व्यवस्था गरिदियो तर भारत त्यहाँ पनि तगारो बनेर बसिदियो । नेपाल र बंगलादेशबीच लगभग १३ कि.मी. भूक्षेत्र भारत भूमि पर्दछ । त्यही भूमि नै नेपालको लागि कष्टकर समस्या बन्न पुगेको छ ।

नक्कली सौहार्द्रता

भारतले नेपाललाई थप पारवहन सुविधा दिएको भनेर विश्वसामू भन्न पाउने वातावरण मात्र सिर्जना गरेको छ । फूलवारीदेखि चटगाउँ (बंगलादेश) सम्म जान भारतले हप्ताको २ दिन (शनिवार र आइतबार) मात्र यो बाटो प्रयोग गर्न पाइने तथा बन्द कन्टेनरबाट मात्र सामान ढुवानी गर्नुपर्ने र त्यसलाई भारतीय प्रहरीले स्कर्टिङ गरेर मात्र लैजान पाउने जस्ता अव्यावहारिक अड्चन राखेको छ । साताको दुई दिन मात्र बाटो प्रयोग गर्न पाइने र कन्टेनरमै ढुवानी गर्नुपर्ने बाध्यताले तोकेको बारमा कन्टेनर नपाइने र कन्टेनर पाउँदाका बखत तोकेको बार नपर्ने समस्या एकातिर छ भने आइतबार बंगलादेश छिरेको गाडी सोही दिन मोङ्ला बन्द पुगेर फर्कन सक्ने स्थिति नै हुँदैन भने फेरि एक हप्ता कुरेर अर्को आइतवार आइपुग्दा कन्टेनरको भाडा (डिमरेज) अत्यधिक बढी हुने हुनाले पुन: कलकत्ताकै सरह महाँगो पार्ने रोग भारतले दोहोऱ्याएको छ । सातै दिन बाटो उपयोग गर्न नपाउने हो भने यो बाटो व्यावसायिक दृष्टिले प्रयोग गर्न सम्भव देखिँदैन ।

बन्द ट्रकहरू पनि नेपालीले आफ्नो बनाउन तथा प्रयोग गर्न नपाउने र भारतीय नै प्रयोग गर्नँपर्ने भएबाट नेपालको ढुवानी फेरिपनि महँगो पर्छ । नेपालबाट निर्यात हुने ढुङ्गा, तरकारी र फलफूल जस्ता वस्तु बन्द ट्रकमा ढुवानी गर्न त्यति व्यावहारिक हुन सक्तैन ।

भारतीय ट्रक बंगलादेश पस्न नपाउने र बङ्गलादेशका ट्रक नेपाल आउन नपाउने गरी भारतले अर्को बन्देज लगाएको छ । यस्ले गर्दा ट्रक भाडामा लिन पनि सहज छैन भने नेपालबाट बंगलादेशको सीमामा सामान अनलोड एवं लोड गरेर ट्रक फेरेर लैजाने व्यवस्थाका लागि पनि छोटी र बढी लाइनले भारतको बरौनीको समस्या यहाँ दोहिरिन आउँछ । यसले ढुवानी खर्च बढी पारिदिन्छ । जसरी पनि सस्तो र छिटो ढुवानी हुन नदिने भारतीय नियत छ ।

कलकत्ता बन्दरगाहको विकल्प हुने आशा लिएर निजी क्षेत्र सन्धिपछि जति उत्साहित भएको थियो, पहिलो दिनको प्रयोगपछि नै सो उत्साह सेलाएर गयो । भारतले साँच्चै नै उदार अर्थनीति अवलम्बन गरेको छ भने सन्धिका अव्यावहारिक कुरा खारेज गर्नुपर्दछ ।


डा. शास्त्रदत्त पन्त

यदि नेपालप्रति भारतको नियत सफा छ भने नेपाल र बंगलादेशबीचको करिब १३/१४ किलोमिटर बाटो जमिनमुनि सुरूङ खनेर वा जमिनमाथि आकाशे पूल बनाएर सडक वा रेलसेवा सञ्चालन गर्न पाउनुपर्छ । यसैबीच छोटो दूरीको हवाई सेवा आवत-जावत गर्न समेत सबै वा ती मध्ये केहीको सुबिधा दिनु पर्दछ । साथै भन्सार, चेकपोष्ट, प्रहरी, भिसा प्रवेशाज्ञा), पासपोर्ट (राहदानी) समेतको तथा भारतमा चोरी घुसपैठ हुने जस्ता समस्या छन् भने त्यसको समेत निराकरण हुने गरी भारतले उदारमना सहयोग गर्नुपर्दछ । गर्न चाहेन ।

उद्योग क्षेत्रमा हस्तक्षेप:

कुखुरा पालन नेपाललाई आत्मनिर्भर बनाउने ठूलो उद्योग हो । यो क्षेत्र आत्मनिर्भर भैसकेर निर्यात गर्न सक्ने अवस्थामा रहेर पनि नेपाल सरकारको दबाब सहन नसक्ने गलत नीतिका कारण यो उद्योग तहसनहस भएको छ । नेपाली कुखुरा उद्यमीको कुखुरा दाना भारतबाट आउादछ । नेपाली कुखुरा व्यवसायीलाई चाहिने दाना, औषधि, पुस्तक, लेभल ल्याउादा भन्सार र भ्याट तिर्नुपर्दछ । तर त्यही दाना खुवाएर हुर्केको भारतीय कुखुराको चल्ला, कुखुरा, र अरू पशु आयात गर्दा भन्सार लाग्दैन । स्वाभावैले नेपाली उत्पादन महंगो हुन्छ ।

नेपाली कुखुरा व्यवसायीले चल्ला भारत निर्यात गर्न पाइदैन । कुखुरा उद्यमीले प्रतिदिन १६-२५ लाख रूपैयाँ घाटा सहनु पर्दछ । तर भारतीय चल्लाहरू, नेपालमा बेचिन्छ । भन्सारमा निरीक्षण नहुनु, क्वारेन्टाइनको व्यवस्था नहुनु, भारतको कपटपूर्ण नियत देखिन्छ । पार्टी सरकारहरूले प्यवसायलाई विस्थापित गर्ने नीति लिएको अनुभूत हुन्छ । स्मरणीय छ, २०४७ पूर्वको स्थिति नेपाली सबखालै उद्योगलाई संरक्षण दिने र छिट्टै आत्मनिर्भर हुने थियो । जुन कुर ा भारतलाई पाच्य भएन ।

# नेपालमा चीन र अमेरिकी शक्ति

**राकेशकुमार शर्मा–**



नेपालको स्वतन्त्र अस्तित्व खतरामा पर्दै गएको छ, नेपालले स्वराज गुमाउने खतराप्रति साबधान हुन जरूरी छ ।

नेपालको अबको राजनीतिमा भारतको दबदबा त छँदैछ, चीन शक्ति र अमेरिका शक्ति दुई भागमा ध्रुवीकरण भएको छ ।

अबको राजनीतिक दुई भागमा मात्र ध्रुवीकरण र विभाजन भएको देखिएको छ । (१) बिआरआई चीन समर्थक पार्टी (२) एमसीसी समर्थक पार्टी । स्मरणीय छ, नेपालमा सबै पार्टीहरू वा दलहरूप्रति जनताको विश्वास समाप्त भइसकेको छ ।

नेपालमा (१) बिआरआई चीन समर्थक पार्टीका सांसदहरू र नेताहरू एमाले, कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी र जनमत पार्टी जस्ता पार्टीहरूमा छन ।

त्यस्तै (२) एमसीसी अमेरिका समर्थक पार्टीका सांसदहरू पनि यिनै पार्टीका रहेका छन् । यसप्रकार नेपाली राजनीति दुई भागमा विभाजन भएको छ ।

भारतको परम्परागत छवि छँदैछ । चीन र अमेरिका मुलुक बीचको प्रतिस्पर्धा नेपालमा छ । जो शक्तिशाली उसैको जीत निश्चित छ ।

नेपालका नेताहरू र सांसदहरूले बिआरआई पक्षलाई पनि हुन्छ भनेर झुठो आश्वासन दिएका छन् । एमसीसी पक्षलाई पनि हुन्छ भनेर झुठो आश्वासन दिएका छन् । यथार्थमा यिनीहरू कोही पनि इमानमा छैनन् । देशप्रति उत्तरदायी पनि रहेनन् । कोही सन्तुलनमा बस्न सकेनन् । नेताहरू र सांसदहरूले चीन, अमेरिका र भारतसँग दोग्लागिरी गरि आफनो विश्वसनीयता गुमाई सकेका छन् ।

नेताहरू र सांसदहरू चीन जान्छन्, चिनियाँ राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूसंग सहमति र सम्झौतामा हुन्छ भनी जे जे गर्नुपर्ने गरि आउँछन् । नेपालमा फर्के पछि एक अर्कोलाई आरोप प्रत्यारोप गर्दै हुँदैन भन्छन् । अमेरिका जान्छन्, अमेरिकामा सहमति र सम्झौतामा हुन्छ भनेर आउँछन् । फर्के पछि एक अर्कोलाई आरोप प्रत्यारोप लगाई हुँदैन भन्छन् । भारत जान्छन्, भारतका प्रधानमन्त्री र मन्त्रीहरूसँग नेपाललाई हिन्दु राष्ट्र बनाउँछौं आदि इत्यादि बारे सहमति र सम्झौतामा हुन्छ भनी जे जे गर्नुपर्ने गरि आउँछन्, नेपालमा फर्के पछि एक अर्कोलाई आरोप प्रत्यारोप गरेर हुँदैन भन्छन् । नेपालका प्रधानमन्त्री, राष्ट्रपति र मन्त्रीहरूले चीन, अमेरिका र भारत मुलुकको भ्रमणको दौरानमा भ्रमण पिच्छे नै झुठो आश्वासन दिने गर्छन् ।

नेपालमा फर्केपछि राष्ट्रवादी पल्टिन्छन्, अचम्म छ नेताहरूको चरित्र ।

मुलुकमा अबको परिस्थिति चीनलाई अर्थात बिआरआई इन्कार गरे चीनका नेताहरूले नेपालका सांसदहरू र नेताहरूलाई ठोक्छन् । अमेरिकालाई अर्थात एमसीसी इमानदार कार्यान्वयन नगरे अमेरिकाले नेपालका सांसदहरू र नेताहरूलाई ठोक्ने अवस्था सिर्जना भएको देखिन्छ । बिआरआई चीन र एमसीसी अमेरिका दुवै तर्फबाट हाम्रो मुलुकका सांसदहरू र नेताहरू अविश्वसनीय छन् ।

अन्तर्राष्ट्रिय केही मुलुकहरूमा बिआरआई स्वीकार गरे एमसीसी अस्वीकार गरेको अवस्था छ । एमसीसी स्वीकार गरे बिआरआई अस्वीकार गरेको उदाहरण पनि देखिन्छ । मुलुकको प्राय:जसो जनताहरू पार्टी पार्टीका झोले भइ दिए । नेताहरूको पछि लाग्ने, विवेक गुमाउने दोषी र जिम्मेवार नै जनता हुन् । गलतलाई गलत भन्न नसक्ने जनता नै दोषी हुन् । हाम्रो मुलुकको प्रधानमन्त्री, राष्ट्रपति, मन्त्रीहरू, सांसदहरू र नेताहरू संतुलनमा बस्न सकेनन्, सबै सत्ता र सम्पत्तिमा बिकाउ, लम्पसारवादी देखिए । राष्ट्रिय नीति, स्वार्थप्रति जनप्रतिनिधि भनिनेहरू संवेदनशील हुनसकेनन् । समस्या बढ्यो । यसकारण पनि संक्रमण बढी छ र नेपालको अवस्था कतिखेर के हुन्छ भन्न सकिंदैन । मुलुकमा दुर्घटना हुने निश्चित छ । नेताहरू नीतिहीन भए, जनताले विवेक प्रयोग गर्नुपर्ने अवस्था आयो ।

*स्वतन्त्र नेपाली नागरिक: **राकेश कुमार शर्मा** । हेटौंडा २ ।*

# हेल्प नेपालको रजत महोत्सव र ग्लोबल मीट



हेल्प नेपालको रजत महोत्सव तथा ग्लोबल मीट सम्पन्न सम्पन्न भएको छ ।

शनिबार आयोजित कार्यक्रममा हेल्प नेपालले परोपकारिताका क्षेत्रमा समर्पित व्यक्ति तथा संस्थालाई अभिनन्दन गरेको छ । प्रमुख अतिथि विश्वप्रसिद्ध नेत्र चिकित्सक डा. सन्दुक रूईतले वरिष्ठ हृदयरोग विशेषज्ञ तथा बाल मुटु अस्पतालको निर्माण अभियानमा समर्पित डा. भगवान कोइरालालाई अभिनन्दन गरे ।

त्यस्तै डा. रूईतले 'मानव सेवा आश्रम' हेटौंडाका समाजसेवीहरू रामजी अधिकारी तथा सुशीला (रूपा) केसी र अटिजम भएका बालबालिकाको सेवामा समर्पित 'विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र (एसएसडीआरसी)'की संस्थापक सविता उप्रेती, हेल्प नेपालले मुगुका विर्खबहादुर रोकाया तथा अन्य सहयोगीहरू कर्णबहादुर बुढा, डा. अरूणा उप्रेती, भरत कोइराला, सूर्यनारायण यादव, किरण भण्डारी, नन्दकृष्ण जोशी र देवेन्द्र बस्नेतलाई कदर पत्र प्रदान गरे । सोही अवसरमा नेटवर्कले संस्थालाई प्रारम्भिक समयमा नगद राशि सहयोग गर्ने सिद्धार्थ राणा, डा. रूद्र पाण्डे, डा. उपेन्द्र महतो, जीवा लामिछाने, महन्त श्रेष्ठ, एलिशन, स्व. मनोज बस्नेत, भण्डारी ब्रदर्श, स्वर्णिम वाग्ले, सारिका मिश्र, रवीन्द्र मिश्र, अनिल थापा, डा. सुन्दरमणि दीक्षित, चन्द्र योञ्जन, वीरेन्द्रबहादुर बस्न्यात, स्व. पूर्णमानसिंह बस्नेत, सुविन बराल, श्रद्धा टन्डन, बद्रीप्रसाद पाण्डे, डा. प्रणव ज्ञवाली, शम्भु दहाल, शिव सैंजु, रोशन सापकोटा, चिरञ्जीवी ढकाल, उद्धव भट्टराई सम्मानित गरे ।

सोही अवसरमा ग्लोबल कोअर्डिनेटर दिला खरेलले 'जुन रूपमा सकिन्छ परोपकार गरौं' भन्ने सबैसँग अपिल गरे ।

व्यावहारिक परोपकारमा विगत २५ वर्षदेखि क्रियाशील हेल्प नेपाल नेटवर्कले मुगुको मुर्मामा हेल्थ पोस्ट, धुलिखेलमा बाल आश्रम सञ्चालन गर्दै आएको छ भने शिक्षा, स्वास्थ्य र आपतकालीन विपद्को परिस्थितिमा सेवा र सहयोग गर्दै आएको छ । सम्पन्न ग्लोबल मीटमा अध्यक्ष अरूणसिंह बस्नेतले ग्लोबल कोअर्डिनेसन समिति गठन गरिएको जानकारी गराए ।

# नेपालको अस्तित्व सिध्याउने ४० प्रमाणहरू

अनेक बहानाबाजी गरेर नेपालविरूद्ध बिनाकारण नाकाबन्दी लगाउनु,

आठ बर्ष सम्म संविधान जारी गर्न नदिनु, जारी भएपछि नोटिसमा राख्नु,

तिब्र जन आक्रोस र जनदबाब सहन नसकेर मात्र समिधान जारि गर्न राजनीतिक पार्टी बाध्य भएका थिए, नत्र त भारतले ८ बर्ष लाग्दा समेत सविधान जारि नगर्न सक्दो दबाब दिएको कुरा लुकेको छ र ?

वीरेन्द्रको शान्ति क्षेत्रको प्रस्ताब नमानेर नेपाललाई क्रान्ति क्षेत्र बनाउने रणनीति लिनु, सकेसम्म अराजक र अस्थिर पारिराख्न साजिस गर्नु,

राष्टिय अडान लिएका कारण पटक पटक सरकार गिराइनु,

सुसिल कोइराला सरकार हुदैदेखि नाकाबन्दी लगाउनु भनेको जुन सरकार भए पनि नेपाललाई अस्थिर बनाउने र स्वार्थ अनुसार नजिक पनि भैदिने चरित्र देखाउनु,

तराइका पार्टी प्रयोग गरेर नेपाल अस्थिर पार्न मलजल गरि रहनु, (आफ्नै दार्जेलिंगका जनतालाई अधिकार नदिने तर नेपालका तराइका जनतालाई अधिकार देउ भन्न मिल्छ ?) ठूला पल्टेर जे गर्न भन्न पनि न्यायसंगत हुन्छ र?

चिनिया रेलको तिब्र बिरोध गर्नु, विदेशी लगानी, उद्यमलाई सकसमा पार्नु,

नेपालको जलश्रोत काब्जा गर्ने नीति लिनु, लाइसेन्स लिएर झोलामा राख्नु,

ओली प्रम हुदा शेर बहादुर देउवा श्रीमती बिरामी भएको बहानामा भारत गइ रहनु, आरजुलाई परराष्ट्र बनाएर भारतीय भाइको समर्थन लिन खोज्नु,

नेपाली सेनाको रिपोर्टमा समेत रअ को चलखेल छ भनेर रिपोर्ट आइरहनु,

भारतीय मिडियामा खुलेर केपीको बिरोध हुनु, (ओली र एमाले बिरूद्ध तराइमा चुनाबी गठबन्धन हुनु), ओली सरकार चीनतिर ढल्केको आरोप लगाउनु,

भारतीय मिडियाले भ्रामक समाचार प्रसार गरेर चीन बिरूद्ध भड़काउनु,

वीरेन्द्र र मदन भण्डारीको हत्त्याको रहश्य कहिलै पत्ता नलाग्नु,

असमान सन्धिहरू परिमार्जन गर्न कुनै रूचि नदेखाउनु,

नेपाली सिमा मिची रहनु, नया सिमा स्तम्भ मर्मत गर्न आलटाल गर्नु,

सिमानामा नेपाली सुरक्षा पोस्ट राख्न नदिनु, नत्र खै त नेपाली सेनाले सिमाना रेखदेख गरेको ? नेपालको लिपुलेक, लिम्पियाधुरा जबरजस्ती हडप्नु,

भारतीय राजनीतिज्ञले नेपाल बारे तिखो अभिव्यक्ति दिइ रहनु,

राजा नहुदा नेपालमा चलखेल गर्न सजिलो हुने हुनाले राजा हटाउन मद्दत गर्नु,

भारतीय राजदुताबासले कुटनीतिक मर्यादा बिपरित राजनीतिक भेट गरि रहनु,

नेपाल सँग थुप्रै योजना सम्झौता गरेर दसौ बर्ष नबनाई अल्झाई रहनु,

चीन सितको ब्यापार र चिनिया लगानीको बिरोध गर्नु,

नेपालको संविधानमा हिन्दी भाषा घुसाउन खोज्नु, भाषा अतिक्रमण गर्नु,

भारत बाट आएका अंगीकृतलाइ नागरिकता दिन दबाब दिनु,

राजपालाई संविधान संशोधनको बखेडा झिक्न लगाउनु,

नेपाल एरपोर्टमा आफ्नो सुरक्षा फौज राख्न्न खोज्नु, राख्नु,

लिपुलेक बाट भारतीय सेना नहटाउनु, चीनसँग व्यापार सम्झौता गर्नु,

भुटानी शरणार्थीलाई भारत हुदै नेपाल पस्न दिनु, तर आफु आश्रय नदिनु,

अन्तर्राष्टिय फोरममा मोदीले नेपालको बारेमा गलत बोल्नु (मोदीको बेलायत भ्रमणमा जारि भएको भारत बेलायत बक्तब्यमा नेपालको आन्तरिक बिषयमा कुरा उल्लेख थियो), बुद्ध भारतमा जन्मेको दुस्प्रचार गर्नु,

आफ्ना मिडियाले नेपाल बिरूद्ध अभिव्यक्ति दिदा चुइक्क नबोल्न्नु,

बेला बेलामा अन्तर्राष्ट्रिय फोरममा गौतम बुद्धको देश भारत हो भन्नु,

नेपाल सँग गरिएका प्राय जसो प्रतिबद्धता पुरा नगर्नु,

बुद्दिजिवी बर्ग र जनताबाट नेपाल भारत सम्झौताको तिब्र बिरोध भैरहनु,

फास्ट ट्र्याक लगायत अधिकांश ठूला प्रोजेट हात पार्न खोज्नु,

पेट्रोलियम र ग्यासको बजारमा कब्जा जमाई रहनु,

द्वन्द्व कालमा मात्रिका यादव र सुरेश आले मगर बाहेक अधिकांस भारत बसेका माओबादी नेता पक्राउ नगरिनु, तिनलाई उल्टै सहयोग गरिरहनु,

नेपाल कमजोर पारेर नेपालले तिमीहरूलाई केही गर्न सक्दैन त्यसैले तिमीहरू भारततिर मिल्दा फाइदा हुन्छ भन्ने मनोविज्ञान तराइका जनतामा पार्न खोज्नु,

नेपालमा ठूला लगानी आए आफ्नो ब्यापार घट्छ भनेर प्रभावमा पार्न खोज्नु !

संविधान जारि भै सके पछि ओलीविरूद्ध दबाब हाल्नु, संसद किन्न भारतले करोडौ दिएको कुरा स्वयं गगन थापाले प्रश्न उठाउनु ! ओली सरकार ढाल्न पुन: नेपाली राजनीतिमा प्रभाव हाल्न खोजिरहनु,

२०१९ मा चिनिया राष्ट्रपतिको नेपाल भ्रमण हुन नदिने रणनीति लिएर, नेपालका जुनसुकै प्रधानमन्त्रिलाइ पहिलो भ्रमण भारतको गर्न बाध्य तुल्याउनु आदि (यी त केही सर्बसाधारणको आँखाले देखेको प्रमाण, यदि विज्ञले खोज्ने हो भने त यस्ता प्रमाण त कति भेटिन्छन कति । (राष्ट्रिय स्वार्थका लागि साभार सामग्री)



अन्तिम पातो - शाश्वत शर्मा

# परिवर्तन हुनै लागेको हो त ?

राजनीतिक बजारमा फेरि कोर्ष करेक्शनको चर्चा सुरू भएको छ । खासगरी पूर्वराजा ज्ञानेन्द्रलाई भारत उत्तर प्रदेशका मुख्यमन्त्रीले राजकीय सम्मानका साथ भ्रमण गराएपछि र परराष्ट्रमन्त्री डा.आरजु देउवाले भारतबाट अपमानित भएर फर्कनुपरेपछि तथा कांग्रेसका महामन्त्री गगन थापा दिल्लीदेखि उत्तरप्रदेश नै तुफानी भ्रमणमा गएपछि कोर्ष करेक्शनको चर्चा चुलिएको हो । विश्लेषक भन्छन्- पश्चिमी वायुको प्रभाव न्यून बनेको कारण उत्तरी र दक्षिणी वायुको चाप बढ्दै गएपछि नेपालको राजनीतिक मौसम परिवर्तन हुने लक्ष्यण देखिएको हो । त्यसो त धेरैवर्षदेखि राजनीतिक र फलित ज्योतिषहरूले कोर्ष करेक्शन हुने भविष्यवाणी गर्दै आएका छन् ।

माथि उल्लेखित घटना राजा ज्ञानेन्द्रको लखनउ भ्रमण, परराष्ट्रमन्त्रीको दिल्लीमा अपमान र गगन थापाको तुफानी भारत भ्रमणले राजनीतिक मौसम बदलिने संकेत गरेको छ । भन्न सकिन्छ, कांग्रेसभित्र उग्र राजा बिरोधीहरूमध्ये डा.आरजु र गगन थापा हुन्, ती दुबै आफूमा निहित पश्चिमी वायुको प्रभावलाई निस्तेज पारेर भारत भ्रमण भइरहनुले कोर्ष करेक्शनको घटनालाई नजिक्याएको छ । पश्चिमी वायुको प्रभाव बढ्दै गयो भने सरकारमात्र परिवर्तन हुनसक्ला, उत्तरी र दक्षिणी वायुको गति तीब्र भयो भने राजतन्त्र पुनर्स्थापना हुनसक्ने लक्ष्यणहरू अनुमान गर्न सकिन्छ । आन्दोलनको उठान हुने र व्यवस्था परिवर्तन हुने तर्क एकथरिको छ भने अर्काथरि सत्ता परिवर्तनको कुरा गरिरहेका छन् । चर्चामा छ राजाको भुटान भ्रमण छ, त्यसपछि भुटानी राजना दिल्ली काठमाडौ भुटान भ्रमण भएको थियो । त्यसपछि राजाको लखनउ भ्रमण र भ्रमणमा राजकीय सम्मान भयो । फेरि भुटानी शाही परिवारको नेपाल भ्रमणले देखाएका संकेतहरू अब चाहिं यो व्यवस्था परिवर्तन हुने पक्का जस्तै छ ।

जनतामा निराशा बढेको छ । भ्रष्ट गणतान्त्रिक चरित्रबाट छिमेकीमात्र होइन, विश्वनेताहरू नै आजित भइसकेका छन् । यिनै दुईधारे चरित्रका नेताहरूका कारण छिमेकीको सुरक्षामा समेत आँच आएको आरोप छ । यसकारण पनि यो व्यवस्था र यी नेताहरू बिस्थापनमा जानेछन् भन्न सकिने आधार छन् । वास्तवमा जनअसन्तुष्टिलाई नेतृत्व दिन सक्ने नेताको अभाव छ । जनताहरू बिभाजित छन् । विभाजितहरूलाई एकता गराउन सके र आन्दोलनको आगो फुक्न सके परिवर्तन बिद्रोहबाटै सम्भव छ । अभियन्ता स्वार्थी र व्यक्तिवादी भइदिएकाले आन्दोलनले गति लिन नसकेको हो । यसकारण पनि बाह्य प्रभावले कोर्ष करेक्शन हुनसक्ने आँकलन भइरहेको छ । हुन पनि यो व्यवस्था आउँदा पनि विदेशीकै प्रभाव निर्णायक बनेको थियो । नेपाल अस्तित्वको संकटमा छ । यी नेताले कोसँग, कतिबेल, कुन खालको सम्झौता गरिदिने हुन् भन्न सकिन्न । स्वार्थ पूरा हुन्छ भने वर्तमान नेतृत्व जता मल्को उतै ढल्को हुनेछन् ।

हिजो १२ बुँदे सम्झौता गरेर राजतन्त्र फाल्न सक्नेहरूले देश चलाउन सकेनन् । देश चलाउने नाममा देशको सार्वभौमिकतामाथि खेलबाड गरिरहेका छन् । यी नेताहरूले आफ्नो र व्यवस्थाको असफलतालाई आत्मसात गरेर पुरानो निर्णयमा पुनर्विचार गर्न जरूरी छ । कमसे कम राजा र राजसंस्था रहँदा कम्तिमा आफ्नो सुरक्षालाई खतराथिएन र रहने छैन भन्ने निक्यौल हुनुपर्छ, छिमेकीहरूको पनि । यिनकै कारण अमेरिकाजस्तो सहयोगी राष्ट्रप्रति मूर्दावादको नारा लाग्यो । चीन र भारतप्रति नकारात्मक टिप्पणी हुने गरेका छन् । आफ्नो असक्षमतालाई लुकाउन र राष्ट्रवादी देखिन छिमेकी र मित्रराष्ट्रहरूप्रति दुर्भावना फैलाउनु भनेको नेतृत्वको असक्षमता हो । नेपालको कुटनीतिले बाटो भुलेको र राजनीतिमा क्षमता समाप्त भएको संकेत हो ।

नेतृत्वको अकर्मण्यताका कारण नेपाललाई अघिको अफगानिस्तान, बर्तमानको युक्रेन, बनाउन पछि नपर्नेहरूबाट त्रसित आन्तरिक र बाह्य शक्ति, छिमेकीले समेत अब नेपालमा कोर्ष करेक्शन जरूरी छ भनेर सहमति गरेको दावी गरिदैछ । अचम्म त के छ भने परिवर्तनपछिको १८ वर्ष भाग शान्ति जय नेपाल गरेर देश र जनता लुटेका लुटेराहरू लोकतन्त्रलाई असफल त पारे पारे, एक दोस्रालाई नङ्ग्याउन अघि सरेका छन् । एकपक्षले अर्को पक्षलाई कमजोर बनाउने, म सत्तामा पुगें भने भ्रष्टाचारको फाइल खोलिन्छ भनेर तर्साउने, एकले अर्कोलाई जनताको नजरमा गिराइदिने, एक आपसमा भिडाइदिने, काण्ड-प्रकरणहरूका फाइला खोलाखोल गर्ने कार्यको प्रारम्भ भइसकेको छ । नेपाली राजनीतिमा देखिएको यो यदुवंशी चालामालाले देशलाई अझ अस्थिर, अराजक र हिंस्रक बनाउँदै जानेछ । यदुवंशीहरू आपसमा मारामारा, ठोकाठोक गरेर सखाप भएझैं सखाप हुने मार्गमा छन् । अहिलेलाई यतिमात्र भनौं, वर्तमानका परिदृश्यहरूले अब नेपाल र नेपालीका लागि सुखद दिन ल्याउने छनक दिंदैछन् । तथापि सजग र सतर्क हुनुपर्छ । स्वार्थकालागि भ्रष्टहरू जे पनि गर्नसक्छन् ।

## ज्वालामुखीमाथि देश




साहित्य एकेडेमीको सर्वोत्कृष्ट पुरस्कार अस्वीकार गर्ने अरून्धती रोयले लिसनिङ टु ग्रास हपर्स पुस्तकमा भारत विश्वको ठूलो डेमोक्रयासी होइन, डेमनक्रेजी हो भनेर किन लेखिन्, यत्ति कुरा पनि नेपाली नेता बुझ्दैनन् र गरीब नेपालीको ढाड चढेर त्यही भारतलाई नेपाली राजनीतिको चारधाम, बैतर्णी मान्छन्, हरेक बिहान-साँझ ढोग्न पुग्छन्, योभन्दा ठूलो परजीवी मानसिकता अरू के हुन सक्छ ? संविधानले अस्थिरताका सामु नाक रगडेपछि प्रश्न उठेको छ- समाजवाद, माओवाद, मार्क्सवाद, जनवाद, सर्वहारावाद, राजतन्त्रवाद, हिन्दुवाद : यी सबै वादभित्र राष्ट्रवाद कहाँ छ ? छ भने नेपालको राष्ट्रवाद किन कमजोर ?

### सन्धिमा आगो

१९५० मा जन्मेका भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, आर्टस विषयका थर्डक्लास ग्याजुयट हुन् तर उनले १ सय ३६ करोड जनसंख्या भएको भारतमा मात्र होइन, विश्व राजनीतिमा फस्टक्लास राजनेताको छवि बनाएर उच्चाशनमा छन् । चीनका राष्ट्रपति सी जिनपिङ सिङ्गुवा विश्वविद्यालयका कानुन, सिद्धान्त र सुशासनका धुरन्धर विद्वान हुन् । देङवादी सीले बीआरआई मार्फत विश्वलाई जोड्ने सपना बोकेर अघि बढेका छन् । सी अगाडिका हु जिन्ताओ हाइड्रोलोजिष्ट थिए भने, जियाङ जमिन इलेक्ट्रिक इन्जिनियर थिए । ९५ वर्षे आधुनिक मलेसियाका निर्माता डा.महाथिर महोम्मदले अहिले पनि जनताको स्वास्थ्य जाँच गर्छन् । नेपालका प्रधानमन्त्री र परराष्ट्रमन्त्री आठपासे र दस पासे छन् । यिनीहरूको ठूलो डिग्री भनेकै ज्यानमारा मुद्दामा जेल बसेको अनुभव हो ।

टिष्टादेखि सतलज नदीसम्मको भू-भाग नेपालको हो, फिर्ता गर भन्दै ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाले भारतको बिरोध गर्दै आएको छ । सन्धिमा आगो लगाउने गरेको छ । किन सन्धिमा आगो लगाइयो भनेर सोध्दा मोर्चाले भनेको छ- 'आज भन्दा १९७ वर्ष अगाडि सन् १८१५ डिसेम्बर २ का दिन ब्रिटेनले नेपाल समक्ष सुगौली सन्धिको प्रस्ताव पठाएको थियो। यस प्रस्तावमा नेपालले १८१६ मार्च ४ मा बाध्यतापूर्वक हस्ताक्षर गरेपछि नेपालले पूर्वमा टिष्टा नदी, पश्चिममा सतलज नदी सम्मको २० लाख ४ चार ९ सय १७ वर्ग किलोमिटर भू-भागमध्ये एकतिहाइ गुमाएको थियो । सुगौली सन्धिमा हस्ताक्षर गरेपछि नेपाल अर्धऔपनिवेशिक मुलुक बन्यो किनभने यसको एकतिहाइ भू-भागमा ब्रिटिस औपनिवेशिकता कायम भयो। हामी नेपालीहरूको ती भू-भागमाथिको सार्वभौम अधिकार कुण्ठित गर्ने हक भारतलाई छैन। हामीलाई पनि हाम्रो स्वतन्त्रता उत्तिकै प्यारो छ । तसर्थ ग्रेटर नेपाल राष्ट्रवादी मोर्चाले प्रत्येकवर्ष डिसेम्बर २ का दिन सुगौली सन्धि जलाएर यो सन्धि नेपालीहरूलाई कदापि मान्य नभएको र तदनुसार नेपालको सिमाना पूर्वमा टिष्टादेखि पश्चिममा सतलजसम्म कायम हुनुपर्ने जोडदार माग गर्नेगरेको छ । माग गरेरमात्र के गर्नु ? सत्ताधारीहरू यसबारे चुँइक्क बोल्दैनन् ।

### बम्बैका लड्डु

लड्डु लडे झिल्ली झडे भन्ने उखान छ हिन्दीमा । हिन्दीकै अर्को उखान छः बम्बैका लड्डु, जो खाया पछताया, जो नही खाया वह भी पछताया । लोकतन्त्र र संघीयता यस्तै भएको छ । जित्नेहरू लुट्ज व्यस्त छन्, हार्नेहरू सन्तोसराप गरेर बसेका छन् । संसदमा हुनेहरू कसरी अर्कोलाई खुइल्याएर आउने चुनाव सुरक्षित हुन्छ भनेर सोच्न थालेका छन् । राजनीति अपराधिकरण भयो । अपराधको बिगबिगीले न्यायसमेत बिथोलियो ।

प्रचण्ड डाइनामिक नेता थिए, उनीभित्र डाइनामाइट खरानी भइसक्यो । उनीमाथि पनि परिवारवाद र स्वार्थको आरोप लागेको छ । बाँकी ओली र देउवा त त्यसै पनि भ्रष्टाचारमा मुछिएका छन् । कुनै पनि नेता देशहितमा नायक हुन् भन्न सकिने अवस्था छैन ।

ठूला दलहरू मोर्चाबन्दीमा जुटेका छन् । कसरी आफ्नो शक्ति कायम गर्ने जुक्ति निकालिरहेका छन् । यद्यपि जनताको नजरमा कुनै नेता पनि सम्मानका पात्र रहेनन् ।

### राजतन्त्र फर्काउनेहरू

राजतन्त्र फर्काउने नेताहरूमा- कमल थापा, विक्रमभाष्कर भद्रा, रामकुमार सुब्बा, सुशीलकुमार श्रेष्ठ, शयन्द्र बान्तवा, कुन्ती शाही, दीनेश श्रेष्ठ, दीलनाथ गिरी, लीलादेवी श्रेष्ठ, रेशमबहादुर लामा, गङगाप्रसाद यादव, कमलादेवी शर्मा, श्यामसुन्दर टिवडेवाल र राजकुमार अग्रवाल, बबिना मोक्तान लावती, विराज विष्ट, राजेश्वरी देवी, धानो महरा, सीता लुईंटेल (ज्ञवाली), श्रीकान्ती पासी, कान्ता भट्टराई, रामदुलारी चौधरी र भक्तबहादुर विश्वकर्मा (खपाङगी) कता हराए हराए, यिनले सकेनन् ।

अब राजेन्द्र लिंगदेन, केशरबहादुर बिष्ट, दुर्गा प्रसाई, अनेकथरिका राजतन्त्र र हिन्दुवादीहरू मैदानमा छन् । यिनको पनि ह्याउ देखिइसक्यो । बरू आमनागरिक राजाका सामु उभिएर देश बचाउ भन्न थालेका छन् । राजाको अभिनन्दन गरेर राजालाई नेतृत्व लिन गुहार लगाइरहेको देखिन्छ । पूर्वराजा उचित साइतको पर्खाइमा छन्, साइत जुरेको छैन ।

## In the context of the fourth Bhaktapur Festival 2024

















प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं

- प्लास्टिक चारसय वर्षसम्म कुहिंदैन,
- यसले जमिन तथा जल प्रदुषण गर्दछ,
- प्लास्टिकका भाँडामा तातो खाद्यपदार्थ खाँदा क्यान्सरजस्तो घातक रोग लाग्न सक्दछ,
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदुषित हुन्छ ।

त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

